का.जि.प्र.का.द.नं. १००/०५२/६०
२४ भदौ २०८३
बुधबार
9 September 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

दमन र विध्वंसका दोषीमाथि भएन कारबाही

सिंहदरबारमै थन्किए तीनवटै प्रतिवेदन

सरकारले चाहने हो भने तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीमाथिको अनुसन्धान १५ दिनमा टुंग्याउन सक्छ । हामीमाथि २४ भदौका घटना नजरअन्दाज गरेको र सेनाप्रति उदार भएको आरोप छ । तर, प्रतिवेदनमा कारबाही अघि बढाउन प्रशस्त तथ्य र प्रमाण दिएका छौं ।

गौरीबहादुर कार्की
अध्यक्ष, जाँचबुझ आयोग

सरकारले तीनवटै आयोगको प्रतिवेदन कार्यान्वयन त के छलफलमा समेत ल्याएको छैन । जो जसलाई कारबाही गर्नू भनेर सिफारिस भएको छ, उहाँहरू नै सरकारमा भएकाले होला ।

डा. लिली थापा
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

श्रद्धाञ्जली : जेन-जी आन्दोलनको एक वर्ष पूरा, पुरानो संसद् भवनमा दीप प्रज्वलन । तस्बिर : एनपिएल

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २३ भदौ

एक वर्षअघि सुशासन, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधमा सडकमा उत्रिएको जेनजी आन्दोलनले मुलुकको शासनसत्ता नै बदलिदियो । तर, आन्दोलनका क्रममा भएको दमन, त्यसपछिको हिंसा, हत्या र विध्वंसको जिम्मेवार को थियो भन्ने प्रश्न भने एक वर्षपछि पनि उस्तै छ । घटनाको छानबिन गर्न बनेका आयोग र समितिले प्रतिवेदन बुझाए पनि तिनको कार्यान्वयन अघि बढ्न सकेको छैन ।

गत वर्ष भदौ २३ गते भ्रष्टाचारको अन्त्य, सुशासन स्थापना तथा सामाजिक सञ्जालमा तत्कालीन सरकारले लगाएको प्रतिबन्धको विरोधमा जेनजी पुस्ता सडकमा उत्रिएको थियो । सुरुमा शान्त देखिएको प्रदर्शन सुरक्षा संयन्त्रले नियन्त्रणमा लिन खोज्दा एकाएक हिंसात्मक बनेको थियो । त्यसक्रममा गोली चल्दा २१ जना युवा विद्यार्थीले ज्यान गुमाए ।

त्यसको भोलिपल्ट भदौ २४ गते उत्तेजित भिड झन् उग्र बन्यो । आन्दोलन देशभर फैलियो र त्यसले तत्कालीन सरकार नै ढालिदियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार हट्यो । सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालयलगायत देशका मुख्य प्रशासनिक केन्द्र र हजारौं भौतिक संरचनामा तोडफोड, आगजनी र क्षति भयो । पृष्ठ २ मा

दुई दिनको विद्रोह जीवनभरको पीडा

भावना पाठक/मध्यान्ह
काठमाडौं, २३ भदौ

एक वर्षअघि भदौ २३ र २४ गते सडकमा देखिएको आक्रोशले देशको सत्ता मात्र हल्लाएन, धेरै परिवारको जीवन नै बदलिदियो । सुशासनको माग गर्दै स्कुल ड्रेसमै सडकमा आएका विद्यार्थी देखि सुरक्षाकर्मी र सर्वसाधारणसम्म त्यस आन्दोलनको मूल्य चुकाउनुपऱ्यो । दुई दिनमा सुरक्षाकर्मी, प्रदर्शनकारी र अन्य गरी ७६ जनाको मृत्यु भयो । आन्दोलनपछि उठेका प्रश्न भने अझै बाँकी छन् ।

जेनजी आन्दोलनको पहिलो दिन, अर्थात् गत वर्षको भदौ २३ गते काठमाडौंको नयाँ बानेश्वर क्षेत्रमा भएको प्रदर्शन र प्रहरीसँगको झडपमा १९ जनाको मृत्यु भएको थियो । सुशासनको नारा लिएर आन्दोलनमा सहभागी विद्यार्थीसहित जेनजी उमेर समूहका युवामाथि राज्यले निर्मम दमन गरेको आरोप लाग्यो ।

प्रहरीलाई फूल दिएर सुरु भएको आन्दोलन रक्तपातमा परिणत भएपछि भदौ २४ गते देशभर आन्दोलन चर्कियो । आफ्ना कलिला सन्तान गुमाएका अभिभावकसमेत सडकमा ओर्लिए । त्यसक्रममा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत देशका प्रशासनिक तथा न्यायिक संरचना ध्वस्त पारिए । आन्दोलनको मार प्रहरी प्रशासनले पनि खेप्यो । आन्दोलनकारीले प्रहरीलाई बर्दी खोलेर आत्मसमर्पण गर्न लगाए । देशका विभिन्न स्थानमा चर्किएको हिंसात्मक प्रदर्शनका क्रममा तीन प्रहरी कर्मचारीको मृत्यु भयो ।

मृत्यु भएका प्रहरीहरू आन्दोलनकारीको व्यक्तिगत निसानामा परेका थिए । प्रहरी सहायक निरीक्षक (असई) मिलन राय, प्रहरी जवान पृष्ठ २ मा

रविलक्ष्मीको जलेको संसार

आन्दोलन मृत्यु र क्षतिमै सकिएन । त्यसको एक वर्षपछि पनि त्यस दिनको असर शरीर, घर र परिवारमा बोकेर बाँचिरहेका मानिसहरू छन् । तिनैमध्ये एक हुन्, प्राध्यापक रविलक्ष्मी चित्रकार । जो पूर्वप्रधानमन्त्री झलनाथ खनालकी पत्नी हुन् । भदौ २३ गते जेनजी आन्दोलनमा १९ युवाको मृत्यु भएपछि देशभर भड्किएको हिंसा भोलिपल्ट झन् अनियन्त्रित बन्यो । त्यसको मारमा परिन्, रविलक्ष्मी ।

भदौ २४ गते बिहान डल्लुस्थित खनालको घरमा रविलक्ष्मी, उनका छोरा निर्भीक र परिवारका सदस्यहरू थिए । बाहिर प्रदर्शनकारीको भिड बढ्दै थियो । केहीबेरमै घरमा ढुंगामुढा सुरु भयो । सुरक्षाको जोखिम देखाउँदै सुरक्षाकर्मीले झलनाथ खनाललाई घरबाट बाहिर निकाले । परिवारको उद्धार पनि गर्ने भनिएपछि उनी बाहिरिए । तर खनाल बाहिरिएको केही समयमै अवस्था भयावह बन्यो । प्रदर्शनकारीहरू घरतर्फ सरे र घरमा आगजनी सुरु भयो । घरभित्र रहेकी रविलक्ष्मी र छोरा निर्भीक बाहिर निस्कन सकेनन् ।

धुवाँले भरिएको बार्दलीबाट छोरा निर्भीकले सडकमा रहेका समूहलाई आमालाई बचाइदिन गुहार मागिरहेका थिए । तर उनको आग्रह सुनिएन । आगो र धुवाँले घर ढाक्दै गएपछि रविलक्ष्मी घरभित्रै फसिन् ।

सास फेर्न कठिन भएपछि उनीहरू तेस्रो तलामा पुगे । बाक्लो धुवाँका कारण रविलक्ष्मी भञ्याङनजिकै बेहोस भएर लडिन् । छोरा र सुरक्षाकर्मी भ्यालनजिक भएकाले जोगिए । उद्धारमा पुगेकाहरूले उनलाई निकै कठिन प्रयासपछि फेला पारे । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

एफडब्लुसिएमएसमा थप २३० नेपाली म्यानपावरको नाम सार्वजनिक

मध्यान्ह संवाददाता
काठमाडौं, २३ भदौ

मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपालका थप २३० म्यानपावर कम्पनीको नाम दर्ता भएको छ । यसअघि २५ वटा म्यानपावर कम्पनी उक्त प्रणालीमा दर्ता भएकोमा मंगलबार दिउँसो २३ वटा म्यानपावर कम्पनी मातहत रहने गरी थप २३० म्यानपावर कम्पनीको नाम दर्ता भएको सार्वजनिक भएको हो । एफडब्लुसिएमएसले बंगलादेशको जस्तै गरी नेपालका २३० म्यानपावर कम्पनीलाई आफ्नो प्रणालीमा दर्ता गरेको छ । उक्त प्रणालीमा दर्ता गरिएका २५ मध्ये दि रिभर ओभरसिज प्रा.लि. र ट्रान्स एसिया इन्टिग्रेटेड सर्भिस प्रा.लि. मातहत भने कुनै पनि म्यानपावर कम्पनी राखिएको छैन । यसअघि दर्ता रहेका २५ नेपाली म्यानपावर कम्पनीमध्ये प्राविधिक कारण बताएका एसिया लिंक ओभरसिज प्रा.लि. र फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि. बाहेक सबै म्यानपावर कम्पनीले एफडब्लुसिएमएसमा नाम समावेश भएकोमा अनभिज्ञता जाहेर गर्दै नाम फिर्ताका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयमार्फत मलेसियामा निवेदन पठाएका थिए । तर उनीहरूको नाम प्रणालीबाट हटेन । बरु नेपालका २३० म्यानपावर कम्पनीको नाम प्रणालीमा थपियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष पृष्ठ २ मा

गैरेले छाडे पद

काठमाडौं/मस-

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मलेसिया सिन्डिकेटविरुद्ध सशक्त प्रतिवाद गर्ने निर्णय गरेको छ । मलेसियाको एफडब्लुसिएमएसमा नाम समावेश भएपछि रामप्रसाद गैरेलाई अध्यक्षको जिम्मेवारीबाट निलम्बन गरी उनीसहित २३० सूचीमा नाम समावेश भएका अन्य व्यवसायीलाई २४ घण्टाभित्र स्पष्टीकरण सोधेको छ । अध्यक्ष गैरेको नाम सिन्डिकेटमा आएपछि प्रथम उपाध्यक्ष सुवर्ण लामालाई पृष्ठ २ मा

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुक मलेसियामा रहेको FWCMS मा नेपालका २५ वटा इजाजतपत्रवाला संस्थाहरुलाइ Main–Agency बनाई सिन्डिकेट लगाउनका लागि प्रकाशित भएका नामहरूको सम्बन्धमा विभिन्न मिति र विभिन्न चरणमा निरन्तर रूपमा खबरदारी, छलफल, अन्तरक्रिया तथा विरोधका कार्यक्रमहरू सञ्चालन गर्दै आएको कुरा सम्बन्धित सबैमा जानकारी नै छ । २५ जना व्यवसायीहरूमध्ये लोकतान्त्रिक एसोसिएसनमा आवद्ध रहेका ९ जना व्यवसायीहरुलाई एसोसिएसनको साधारण सदस्यसमेत नरहने गरी निष्कासित गरीसकेको छ । आज फेरि थप २३० वटा संस्थाहरुलाई Sub–Agency का रूपमा सार्वजनिक भएको विषयमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ र एसोसिएसनमा आवद्ध व्यवसायीहरूलाई २४ घण्टे स्पष्टीकरण समेत सोधिएको र अध्यक्ष रामप्रसाद गैरेज्यूको संस्थाको नाम समेत आएको हुँदा उहाँले हालका लागि कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको अवस्था रहेको छ ।

यस विषयमा वैदेशिक रोजगार व्यवसायको स्वतन्त्रता, समान अवसर, व्यवसायीहरूको नैसर्गिक अधिकार तथा प्रतिस्पर्धात्मक वातावरण कायम गर्न एसोसिएसनले प्रारम्भदेखि नै स्पष्ट र दृढ धारणा राख्दै आएको छ । उक्त विषयले समग्र वैदेशिक रोजगार व्यवसायीहरूको पेसागत स्वतन्त्रता, समान अवसर तथा व्यवसाय सञ्चालन गर्ने अधिकारमाथि गम्भीर प्रश्न खडा गरेको छ । उक्त २३० वटा संस्थाहरू के-कस्तो प्रक्रिया, आधार तथा कारणबाट सहायक संस्थाका रूपमा कुन माध्यम वा व्यक्तिमार्फत FWCMS प्रणालीमा समावेश हुन पुगेका हुन् भन्ने विषयमा कुनै निश्चित व्यक्ति वा समूहलाई मात्र लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीहरूलाई व्यवसायबाट विस्थापित गर्ने वा वैदेशिक रोजगारीका अवसरलाई सीमित व्यवसायीहरूको नियन्त्रणमा केन्द्रित गर्ने कुनै पनि प्रयास लोकतान्त्रिक एसोसिएसनका लागि कदापी स्वीकार्य हुन सक्दैन । यस विषयमा तपाईंको नाम उक्त सूचीमा कसरी समावेश भयो, उक्त कार्यमा तपाईंको संलग्नता वा सहमति रहे/नरहेको तथा यस सम्बन्धमा तपाईंको स्पष्ट धारणा के हो भन्ने विषयमा यो पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र लिखित स्पष्टीकरण पेस गर्नुहुन अनुरोध गर्दछौं ।

तोकिएको समयभित्र स्पष्टीकरण प्राप्त नभएमा वा प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा एसोसिएसनको विधान तथा नेपाल सरकारको प्रचलित कानुनी व्यवस्था बमोजिम आवश्यक निर्णय प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

सुबर्ण लामा
कार्यवाहक अध्यक्ष

सुमन राज पाण्डे
महासचिव

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–५२६६४२८

प्रेस विज्ञप्ति

वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुक मलेसियामा रहेको Foreign Workers Centralize Management System मा नेपालका २५ वटा इजाजतपत्रवाला संस्थालाई "मुख्य संस्था" तथा थप २३० वटा इजाजतपत्रवाला संस्थालाई तिनको "सहायक संस्था"का रूपमा समावेश गरी सूची सार्वजनिक गरिएको विषयप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सबै संस्थाको कानुनी हैसियत समान रहेको अवस्थामा केही संस्थालाई मुख्य र बाँकीलाई तिनको अधीनस्थ संरचनामा राख्ने यस्तो व्यवस्था कुन कानुनी आधार, मापदण्ड र प्रक्रियाबाट निर्माण गरियो भन्ने विषय गम्भीर र नेपाल सरकारले तत्काल कूटनैतिक जवाफ माग्ने विषय बनेको छ । नेपालको संविधान, प्रचलित कानुन, वैदेशिक रोजगार ऐन, २०६४ को मर्म तथा समान अवसर र स्वस्थ प्रतिस्पर्धाको सिद्धान्तविपरीत कुनै पनि संस्था वा समूहलाई विशेषाधिकार प्रदान गर्ने व्यवस्था संघलाई स्वीकार्य छैन ।

वैदेशिक रोजगार व्यवसाय कुनै सीमित व्यक्ति, संस्था वा समूहको नियन्त्रणमा सञ्चालन हुने क्षेत्र होइन र हुनु पनि हुँदैन । समान हैसियत भएका इजाजतपत्रवाला संस्थालाई मुख्य र सहायकको तहमा विभाजन गरी एक व्यवसायीलाई अर्को व्यवसायीको अधीनस्थ बनाउने र व्यवसायीको ठुलो समूहलाई बाहिर राख्ने संरचनाले स्वतन्त्र व्यावसायिक अधिकार, समान प्रतिस्पर्धा र बजारमा समान पहुँचमाथि प्रत्यक्ष प्रहार गर्दछ । यस्तो संरचनाको आडमा सीमित संस्थामार्फत मलेसियाको रोजगार बजार नियन्त्रण गर्ने, अन्य व्यवसायीको पहुँच सीमित गर्ने वा प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा एकाधिकार र सिन्डिकेट स्थापित गर्ने कुनै पनि प्रयासलाई संघ दृढतापूर्वक अस्वीकार र प्रतिरोध गर्दछ । साथै, उक्त संरचना निर्माण तथा कार्यान्वयनमा नेपालबाट कुनै व्यक्ति, संस्था वा व्यवसायीको प्रत्यक्ष वा अप्रत्यक्ष पहल, समन्वय, सहजीकरण, सहमति वा अन्य कुनै भूमिका रहेको भए त्यसको निष्पक्ष र गम्भीर छानबिन गरी दोषी देखिने पक्षमाथि प्रचलित कानुन तथा संघको विधान र आचारसंहिताबमोजिम आवश्यक कारबाही हुनुपर्ने संघको स्पष्ट धारणा रहेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष FWCMS मा २५ वटा संस्थालाई मुख्य, २३० वटा संस्थालाई सहायक र व्यवसायीको ठुलो समूहलाई बाहिर राख्ने व्यवस्थाको कानुनी आधार, छनोट प्रक्रिया र मापदण्ड तत्काल सार्वजनिक गर्न तथा व्यवसायीबीच असमान हैसियत सिर्जना गर्ने उक्त संरचनालाई तत्काल खारेज वा पुनरावलोकन गरी सबै इजाजतपत्रवाला संस्थाका लागि समान अधिकार, समान पहुँच र स्वतन्त्र प्रतिस्पर्धाको वातावरण सुनिश्चित गर्न नेपाल सरकारलाई कुशल कूटनैतिक प्रयास गर्न जोडदार माग गर्दछ । साथै यस विषयमा नेपाल सरकारले तत्काल प्रभावकारी हस्तक्षेप नगरेमा संघ वैदेशिक रोजगार व्यवसायीहरूको अधिकार र व्यवसायिक स्वतन्त्रताको संरक्षणका लागि आवश्यक कानुनी, प्रशासनिक तथा अन्य कडा र निर्णायक र निर्मम संस्थागत कदम चाल्न बाध्य हुने स्पष्ट गर्दछ ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०५६५/४५९४४१८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ भदौ २०८३ बुधबार
9 September 2026 Wednesday

बाढीप्रभावित विद्यार्थी पढाउन एक अर्बको छात्रवृत्ति

भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट, धादिङका १५ स्थानीय तह प्रभावित भएका छन्। १९ विद्यालयमा क्षति पुगेको छ भने २१७ विद्यार्थी र १६ शिक्षक सम्पर्कविहीन छन्। ९ हजार ७४२ विद्यार्थीको सिकाइ प्रभावित भएपछि सरकारले उनीहरूको पढाइ निरन्तरताका लागि करिब एक अर्ब रुपैयाँको छात्रवृत्ति योजना अघि बढाएको छ।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २३ भदौ

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित बालबालिकालाई पुनः विद्यालय पठाउने तयारी सरकारले थालेको छ। बाढी प्रभावित बालबालिकाको पढाइ निरन्तरता र भविष्य सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थासँगको सहकार्यमा तयारी अघि बढाइएको हो।

प्रभावित विद्यार्थीको पहिचान स्थलगत सर्वेक्षण तथा विद्यालय, वडा कार्यालय र स्थानीय तहको सिफारिसका आधारमा गरिनेछ। आवश्यकता र औचित्यका आधारमा पूर्ण, आंशिक तथा आवासीय छात्रवृत्तिसहित अन्य शैक्षिक तथा भौतिक सहयोग उपलब्ध गराइनेछ।

गत १० भदौमा रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तह प्रभावित भएका थिए। सरकारले ती स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ।

प्रारम्भिक विवरणअनुसार बाढीबाट रसुवा, नुवाकोट र धादिङका १९ विद्यालय पूर्ण तथा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। बाढीबाट १६ जना शिक्षक र २१७ जना विद्यार्थी सम्पर्कविहीन रहेको तथा ९ हजार ७४२ विद्यार्थीको सिकाइ प्रभावित भएको विवरणमा उल्लेख छ।

एक अर्बको छात्रवृत्ति

प्रभावित विद्यार्थीको शिक्षा निरन्तरताका लागि



सरकारले करिब एक अर्ब रुपैयाँबराबरको 'सुनिश्चित भविष्य छात्रवृत्ति योजना' घोषणा गरेको छ। यसअन्तर्गत प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका प्रभावित विद्यार्थीलाई पूर्ण, आंशिक तथा आवासीय छात्रवृत्ति, पाठ्यपुस्तक, पोसाक र खानाको व्यवस्था गरिने शिक्षा मन्त्रालयका सूचना अधिकारी वीरबहादुर धामीले बताए।

छात्रवृत्ति योजना कार्यान्वयनका लागि कार्यविधि तयार गरिने भएको छ। शिक्षा मन्त्रालयअन्तर्गतका विभिन्न शीर्षकबाट रकमान्तर गर्ने र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट रकम व्यवस्थापन गर्न सकिनेबारे छलफल भइरहेको धामीले बताए।

धामीका अनुसार उक्त रकम ससर्त अनुदानका रूपमा अधिकतम स्थानीय तह र केही अंश प्रदेश तथा संघीय कार्यालयमार्फत परिचालन गरिनेछ। 'यो योजना विशेष गरी अतिप्रभावित तीन जिल्लाहरू रसुवा, नुवाकोट र धादिङमा केन्द्रित रहनेछ,' उनले भने, 'आवश्यकताको सही आकलन (निड एसेसमेन्ट) र प्रमाणीकरणका आधारमा रकम उपलब्ध गराइनेछ।'

धामीका अनुसार यो बजेट विद्यार्थीलाई नगद वा सिधा छात्रवृत्ति दिनेमा मात्र सीमित हुने छैन। उनीहरूको समग्र सिकाइ प्रक्रिया, शैक्षिक सामग्री, आवासीय सुविधा र पुनर्निर्माणजस्ता बालबालिकाको शिक्षासँग सम्बन्धित सम्पूर्ण सहयोगमा रकम खर्च गरिनेछ।

बाढीका कारण विद्यालय जान नपाएका बालबालिकाका लागि अस्थायी आश्रयस्थलमै मन्त्रालयले स्थानीय तहको समन्वयमा बाल मनोविज्ञानमा आधारित चित्रकला, खेलकुद तथा सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने भएको छ।

बागमती प्रदेश सरकारले बाढीमा परी आफ्ना अभिभावक गुमाएका बालबालिकालाई कक्षा १२ सम्म निःशुल्क शिक्षा र आवासको व्यवस्था गर्ने निर्णय गरेको छ। भोटेकोशी गाउँपालिकालगायत प्रभावित स्थानीय तहहरूले बाढीमा बेपत्ता भएका परिवारका बालबालिकाको पहिचान गरी उनीहरूको शिक्षा र पोषणको दीर्घकालीन जिम्मेवारी लिने निर्णय गरेका छन्।

विद्यालय खुलाउन वैकल्पिक व्यवस्था

प्रभावित परिवारलाई विद्यालयमै लामो समय राख्दा बालबालिकाको नियमित पठनपाठन प्रभावित हुने भएकाले विद्यालय पुनः सञ्चालनमा ल्याउन वैकल्पिक व्यवस्था गर्न थालिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले बताइन्।

'प्रभावित विद्यालयमा नियमित शैक्षिक गतिविधि र पठनपाठन पुनः सुचारु गर्न विस्थापित परिवारको उचित व्यवस्थापनसँगै बालबालिकाको सिकाइ निरन्तरताका लागि छलफल भइरहेको छ,' उनले भनिन्।

विद्यालयमा सञ्चार र सूचना प्रवाह सहज बनाउन निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराइएको तथा अस्थायी सिकाइ केन्द्रमा शैक्षिक सामग्री वितरण गरिएको उनले बताइन्। आफ्नो पाठ्यपुस्तक तथा सिकाइ सामग्री गुमाएका विद्यार्थीका लागि स्थानीय तहमा विनियोजित बजेटबाटै नयाँ सामग्रीको व्यवस्था मिलाउन आवश्यक निर्णय गरी सम्बन्धित क्षेत्रमा निर्देशन सम्प्रेषण भइसकेको महतले जानकारी दिइन्।

बाढीपीडित उप्रेतीलाई नेपाली सम्पर्क विभाग साउदीद्वारा हवाई टिकट सहयोग

अन्जान गुभाजु/मध्यान्ह
रियाद, २३ भदौ

त्रिशूली नदीको विनाशकारी बाढीबाट घर र पसल गुमाएका नुवाकोटका राजकुमार उप्रेतीलाई प्रवास नेपाली सम्पर्क विभाग, साउदी अरबले हवाइ टिकट सहयोग गरेको छ।

विदुर नगरपालिका-१ का बाढीपीडित उप्रेतीलाई स्वदेश फर्किनका लागि विभागले हवाई टिकटको सहयोग उपलब्ध गराएको हो। रोजगारीको सिलसिलामा साउदी अरबको ताबुकमा कार्यरत उप्रेतीलाई रोजगारदाता कम्पनीले गत सेप्टेम्बर २ मा नेपाल जान छुट्टी स्वीकृत गरेको थियो। तर, भदौ १० गते त्रिशूलीमा आएको बाढीले घर र पसल दुवै बगाएपछि उनी चरम आर्थिक संकटमा परेका थिए। एकातिर घरपरिवार बाढीका कारण घरबारविहीन हुनु र अर्कोतिर आफूसँग हवाई टिकट किन्ने रकमसमेत नहुँदा उनी साउदीमै अलपत्र पर्ने अवस्था सिर्जना भएको थियो।

उप्रेतीको यो अवस्थाबारे सामाजिक व्यक्तित्व अकल प्रधानले प्रवास नेपाली सम्पर्क विभाग साउदी अरबसमक्ष सहयोगका लागि पहल गरेका थिए। प्रधानको विशेष अनुरोध लगत्तै विभागले तत्काल अग्रसरता देखाई उनलाई नेपाल फर्कने हवाई टिकटको व्यवस्था मिलाएको हो।

विपद्का बेला देशवासीलाई सघाउनु आफूहरूको प्रमुख कर्तव्य भएको प्रवास नेपाली सम्पर्क विभाग साउदीका अध्यक्ष भूपाल भण्डारीले बताए। 'विपद्को समयमा एक नेपालीले अर्को नेपालीलाई साथ दिनु नै सबैभन्दा ठूलो मानवीय सेवा हो,'भण्डारीले भने, 'उहाँको घर-पसल सबै बाढीले बगाएर ठूलो क्षति पुगेको अवस्थामा स्वदेश फर्काउन सहयोग गर्न पाउनु हाम्रो मानवीय दायित्व हो।' उनले प्रवासमा रहेका नेपालीहरू समस्यामा पर्दा विभागले सदैव क्षमताले भ्याएसम्म सहयोग जारी राख्ने प्रतिबद्धतासमेत जनाएका छन्।

हवाई टिकट प्राप्त गरेपछि उप्रेतीले विभागका अध्यक्ष भण्डारी, सम्पूर्ण पदाधिकारीहरू तथा पहलकर्ता अकल प्रधानप्रति गहिरो आभार व्यक्त गरेका छन्। विदेशको भूमिमा समस्यामा परेका नेपालीलाई प्रवास नेपाली सम्पर्क विभागले गरेको यो सहयोगले प्रवासी नेपालीहरूबीचको एकता, आपसी सहयोग र मानवीय सद्भावलाई अझ प्रगाढ बनाएको छ।

दमन...

आन्दोलनका क्रममा भएको हत्या, विध्वंस र मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई कारबाही गर्न तत्कालीन अन्तरिम सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग बनायो। आयोगले आन्दोलन दमनमा संलग्नहरूमाथि फौजदारी अनुसन्धान अघि बढाउन र ज्यान मुद्दा चलाउनुपर्ने सिफारिससहित प्रतिवेदन बुझायो। तर प्रतिवेदन कार्यान्वयनमा भने सरकारले कुनै ठोस प्रक्रिया अघि बढाएको छैन।

राष्ट्रिय मानवअधिकार आयोगले पनि लामो अनुसन्धानपछि छुट्टै प्रतिवेदन तयार गरी दोषीमाथि कारबाहीका लागि सरकारलाई सिफारिस गरेको छ। दुवै प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने सरकार भने तिनलाई दराजमा थन्क्याएर बसेको आरोप लाग्दै आएको छ। सुरक्षा संयन्त्रमाथि थप अध्ययन गर्न बनाइएको समितिले समेत प्रतिवेदन तयार गरे पनि त्यसलाई सरकारले औपचारिक रूपमा बुझ्न मानेको छैन।

पक्राउदेखि हाजिरी जमानीसम्म

कार्की आयोगको प्रतिवेदनको निष्कर्षका आधारमा प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुदन गुरुङले शपथ लिएको भोलिपल्ट २०८२ चैत १४ गते बिहानै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक पक्राउ परेका थिए।

'कर्तव्य ज्यान'को जाहेरीका आधारमा अनुसन्धानका लागि पक्राउ परेका उनीहरूमाथि जेनजी आन्दोलनमा अत्यधिक बल प्रयोग गर्न निर्देशन दिएर किशोरकिशोरीको हत्या गरेको आरोप थियो। १३ दिन थुनामा बसेपछि सर्वोच्च अदालतको आदेशबाट ओली र लेखक रिहा भए। अदालतले उनीहरूलाई बाहिर राखेर अनुसन्धान अघि बढाउन आदेश दिएको थियो।

चैत २६ गते अनुसन्धान अधिकारी र सरकारी वकिलले दुवैलाई हाजिरी जमानीमा छाडे। त्यसयता भने अनुसन्धानको प्रक्रिया अघि बढेको छैन। घटनासँग जोडिएका अन्य व्यक्तिसँग बयान लिने, थप प्रमाण संकलन गर्ने र कागजात केलाउने कामसमेत अगाडि बढ्न सकेको छैन।

यसले भदौ २३ को घटनामा को-को संलग्न थिए, उनीहरूविरुद्ध कति प्रमाण पुग्छ र कसलाई कुन हदसम्म जिम्मेवार तथा जवाफदेही बनाउनुपर्ने हो भन्ने प्रश्न अनुत्तरित छन्।

जाँचबुझ आयोग र राष्ट्रिय मानवअधिकार आयोगले बल प्रयोगमा संलग्नहरूको पहिचानदेखि उनीहरूको जवाफदेहितासम्मका विषयमा अनुसन्धान गरेर सरकारलाई प्रतिवेदन बुझाएका छन्। तर ती प्रतिवेदन सार्वजनिक वा कार्यान्वयन नहुँदा अनुसन्धानको अवस्था अन्योलमा छ।

पूर्वप्रधानमन्त्री एवं नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानवअधिकार आयोग र सुरक्षा निकायहरूले तयार पारेका प्रतिवेदन नै गायब पारिएको आरोप लगाएका छन्। उनले भनेका छन्, 'म सुन्दै छु, कि ती प्रतिवेदनहरू गायब पारिएका छन्। अहिले सरकारको जिम्मेवारीमा हुनेहरूले गायब पारेका छन् भन्ने आरोप लाग्ने गरेको छ। सत्य तथ्य के हो ?'

जेनजी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिसम्बन्धी विभिन्न आयोगका प्रतिवेदन कार्यान्वयन नभएको भन्दै नेपाली कांग्रेसले पनि असन्तुष्टि जनाएको छ। कांग्रेस सांसद अर्जुननरसिंह केसीले सरकारको यस्तो व्यवहारले राष्ट्रिय मानवअधिकार आयोगको अवमूल्यन मात्र नभई नेपालको विधिको शासन, लोकतन्त्र र अन्तर्राष्ट्रिय विश्वसनीयतामाथि समेत प्रश्न उठाउने बताएका छन्।

उनका अनुसार यसले संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रणाली र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थासँग सहकार्य गर्दै नेपालको मानवअधिकार अवस्थाबारे विश्व समुदायलाई जानकारी गराउँदा नेपालको अवस्था थप कमजोर देखिने जोखिम छ।

आयोगको प्रतिवेदनमै प्रश्न

पूर्वन्यायाधीश कार्की नेतृत्वको जाँचबुझ आयोगमाथि सुरुदेखि नै 'पूर्वाग्रह प्रेरित भएर काम गरेको' आरोप पनि लाग्दै आएको थियो। आयोगले आन्दोलन दमनमा संलग्नमाथि फौजदारी अनुसन्धान र ज्यान मुद्दा चलाउनुपर्ने सिफारिस गरे पनि भदौ २४ मा भएको विध्वंसका विषयमा भने उल्लेख गरेको छैन।

यही कारण कार्की आयोगको प्रतिवेदन अपुरो रहेको टिप्पणी पुराना राजनीतिक दल तथा मानवअधिकारकर्मीहरूले गर्दै आएका छन्। आन्दोलनका बेला काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन शाहले सामाजिक सञ्जालमार्फत जेनजीलाई उचाल्ने भूमिका खेलेको आरोप लाग्दै आएको छ। त्यस्तै, तत्कालीन गृहमन्त्री सुदन गुरुङ सोही आन्दोलनमा पानी बाँड्ने स्वयंसेवकको भूमिकामा बसेर आन्दोलनलाई उद्वेलित बनाएको आरोप पनि खेप्दै आएका छन्। अहिले यी तीनैजना सरकारको मुख्य जिम्मेवारीमा छन्। सरकारको नेतृत्व गरेका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहको तत्कालीन भूमिकाप्रति भने कार्की आयोगको प्रतिवेदन मौन छ।

राष्ट्रिय मानवअधिकार आयोगले भने आन्दोलनका क्रममा इटहरी र झापामा भएका हिंसात्मक घटनामा भएको मृत्युबारे छुट्टै विस्तृत अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ। घटनामा संलग्न व्यक्तिको पहिचान, आदेश दिने संरचना र सुरक्षाकर्मीको भूमिकामाथि सूक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आयोगले भनेको छ।

आयोगले आन्दोलनका लागि अनुमति माग्नेहरूको भूमिकामाथि समेत प्रश्न उठाउँदै हिंसा भड्किनुमा आयोजक पक्षको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नताबारे अनुसन्धान गर्न सिफारिस गरेको छ। टिओबी ग्रुपलगायत घटनामा संलग्न ५१ जनामाथि कारबाही गर्न पनि आयोगले सरकारलाई सिफारिस गरेको छ।

त्यस्तै, नख्खु कारागारबाट कैदीबन्दी बाहिरिएको घटनामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि अनुसन्धान गरी फौजदारी कसुरमा कारबाही गर्न आयोगले सिफारिस गरेको छ। सहकारी ठगी मुद्दामा नख्खु कारागारमा थुनामा रहेका लामिछाने आन्दोलनकै क्रममा बाहिरिएका थिए। त्यही समयमा देशभरबाट हजारौं कैदीबन्दी जेल तोडेर बाहिरिएपछि लामिछानेको भूमिकामाथि पनि आयोगले प्रश्न उठाएको हो। आयोगले वर्तमान राष्ट्रिय स्वतन्त्र पार्टीका दर्जनौं सांसदको भूमिकाबारे समेत प्रश्न उठाएको छ।

जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की सरकारले प्रतिवेदन औपचारिक रूपमा सार्वजनिकसमेत नगरेकोमा असन्तुष्ट छन्। साथै, सुरक्षाकर्मीबारे कारबाही अघि बढाउन अर्को समिति बनाउनुलाई पनि उनले गलत अभ्यास भनेका छन्। 'आयोगले दिएको प्रतिवेदन जस्ताको त्यस्तै कार्यान्वयन गर्ने वा आवश्यकताअनुसार गर्ने भन्ने सरकारको निर्णय हो। अर्को न्यायाधीशको नेतृत्वमा समिति बनाउनु नै गलत हो,' उनले मध्यान्हसँग भने, 'सरकारले चाहने हो भने तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीमाथिको अनुसन्धान १५ दिनमा टुंग्याउन सक्छ।'

साथै २४ भदौका घटनामा रास्वपाका धेरै सांसद परेकाले छानबिन नगरेको आरोपको पनि अध्यक्ष कार्कीले खण्डन गरे। 'हामीमाथि २४ भदौका घटना नजरअन्दाज गरेको र सेनाप्रति उदार भएको आरोप छ। तर, प्रतिवेदनमा कारबाही अघि बढाउन प्रशस्त तथ्य र प्रमाण दिएका छौं,' उनले भने। अध्यक्ष कार्कीका अनुसार, प्रतिवेदनमा सो दिन देशका विभिन्न १५ ठाउँमा भेला भएका १ लाख ७४ हजार ४२० व्यक्तिको विवरण, तस्बिर, भिडियो सरकारलाई बुझाएको बताए।

तीन प्रतिवेदन, कार्यान्वयन शून्य

जेनजी आन्दोलनकै जगमा भएको निर्वाचनबाट करिब दुईतिहाइ बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको एकल बहुमतको सरकारले आयोगका प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने भए पनि त्यसमा बेवास्ता गरेको राष्ट्रिय मानवअधिकार आयोगको टिप्पणी छ।

सरकारले राष्ट्रिय मानवअधिकार आयोग, गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग र सुरक्षा संयन्त्रमाथि थप अध्ययन गर्न गठित समितिका प्रतिवेदनसमेत कार्यान्वयन नगरेको आयोगकी सदस्य लिली थापाले बताइन्। 'सरकारलाई आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने तीन महिनाको समय हुन्छ,' उनले मध्यान्हसँग भनिन्, 'यो तीन महिनाभित्र सरकारले तीनवटै आयोगको प्रतिवेदन कार्यान्वयन त के छलफलमै लगेको छैन। सायद जो जसलाई कारबाही गर्नू भनेर सिफारिस भएको छ, उहाँहरू नै सरकारमा भएकाले प्रतिवेदन कार्यान्वयन नगरेको होला।'

सरकारले समयमै आयोगको प्रतिवेदन कार्यान्वयन नगरेपछि आयोग अन्तर्राष्ट्रिय मानवअधिकार निकायसम्म पुग्ने चरणमा रहेको थापाले बताइन्। 'आयोगको प्रतिवेदन कार्यान्वयन नभएपछि यो केस अन्तर्राष्ट्रिय स्तरमा गएको छ,' उनले भनिन्।

आयोगले आन्दोलनमा भएको दमनबारे कतिपय पदाधिकारीलाई विभागीय कारबाही गर्न २०८३ जेठ १३ मा सिफारिस गरेको थियो। तत्कालीन आइजिपी चन्द्रकुबेर खापुङ र हालका आइजिपी दानबहादुर कार्की, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापालगायतलाई जिम्मेवार ठहर गरिएको छ।

त्यसैगरी, डिआइजी ओमविक्रम राणा, एसपी विश्व अधिकारी, सशस्त्र प्रहरीका आइजी नारायणदत्त पौडेल, एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक कृष्ण खनाल तथा काठमाडौंका सिडिओ छविलाल रिजालमाथि पनि मानवअधिकार उल्लंघनको आरोपमा अनुसन्धान गर्न आयोगले भनेको थियो। यीमध्ये केही प्रमुख जिम्मेवारीमै छन् भने केहीलाई अन्यत्र सरुवा गरिएको छ। तर सरकारले त्यसबाहेक थप कारबाही अघि बढाएको छैन।

सुरक्षा निकायमाथिको अध्ययन पनि अधुरै

सरकारले घटनामा संलग्न भनिएका सुरक्षा तथा सरकारी अधिकारीका हकमा थप अध्ययन गर्न प्रेमराज कार्कीको संयोजकत्वमा छुट्टै अध्ययन समिति बनाएको थियो। समितिले अध्ययन सकेर प्रतिवेदनसमेत तयार गरेको छ।

२०८२ भदौ २३ गते काठमाडौंको बानेश्वरमा भएको घटनाको अध्ययन गर्दा सुरक्षा व्यवस्थापनमा 'ल्याकिङको हद' देखिएको संयोजक प्रेमराज कार्कीले बताए। समितिले भदौ २३ गते सुरक्षाकर्मीले बानेश्वर क्षेत्रमा 'आत्तिएर' धेरै गोली चलाएको निष्कर्ष निकालेको छ।

संसद् भवन प्रवेश गर्न खोज्ने प्रदर्शनकारीको संख्या अचानक बढेपछि स्थिति नियन्त्रणबाहिर गएको समितिको निष्कर्ष छ। समितिमा प्रहरीका पूर्वएआइजी टेकप्रसाद राई र सशस्त्र प्रहरीका पूर्वएआइजी सुबोध अधिकारी सदस्य छन्।

समितिले प्रदर्शनका क्रममा सुरक्षा व्यवस्थापनमा 'ल्याकिङ' भएको निष्कर्ष निकाले पनि सरकारले अहिलेसम्म प्रतिवेदन बुझ्न नमानेको समितिका एक सदस्यले बताए। समितिको म्याद असार २२ गते सकिएको थियो। गृहमन्त्री सुदन गुरुङले समितिलाई थप अध्ययन गर्न कार्यादेश थप्नुपर्ने प्रस्ताव गरे पनि के विषयमा थप अध्ययन गर्ने भन्ने स्पष्ट नहुँदा समिति आफैं अन्योलमा छ।

एक...

उत्तम थापा र सहायक हवल्दार अमृत गुरुङको हत्या भयो। महाराजगन्ज वृत्तमा कार्यरत असई राय भदौ २४ गते कार्यालय परिसरमै प्रदर्शनकारीको आक्रमणमा परेका थिए। सादा पोसाकमा रहेका उनलाई प्रहरी भएको पहिचान भएपछि भिडले आक्रमण गरेको र उनको घटनास्थलमै मृत्यु भएको थियो।

रायको हत्या आरोपमा पक्राउ परेका होमप्रसाद पौडेलले आफूले रायमाथि काठको किलादार चिर्पटले प्रहार गरेको बयान दिएका थिए। पौडेलले आफ्नो बयानमा विगतमा प्रहरीले आफूलाई माओवादीको आरोपमा कुटपिट गरेको र त्यसैकारण प्रहरीप्रति आक्रोश रहेको उल्लेख गरेका छन्। उनका अनुसार भदौ २४ गते भिडमा रहेका बेला उनले रायमाथि आक्रमण गरेका थिए। अर्का आरोपी टीकाराम विश्वकर्माले पनि प्रहरी कार्यालय तथा सवारीसाधन तोडफोड र आगजनीमा भिडसँगै सहभागी भएको तथा घाइते अवस्थामा रहेका रायलाई प्रहार गरेको बयान दिएका छन्।

महाराजगन्जकै प्रहरी जवान उत्तम थापाको हत्या आरोपमा पक्राउ परेका युवराज क्याप्छाकी र बुद्धिलाल तामाङले पनि घटनाबारे बयान दिएका छन्। उनीहरूको बयानअनुसार थापामाथि लाठी, रड, चिर्पट तथा इँटा-ढुंगालगायतका वस्तुले आक्रमण गरिएको थियो। गम्भीर अवस्थामा पुगेपछि थापालाई सडकतर्फ लगिएको र त्यहाँ पनि आक्रमण भएको बयानमा उल्लेख छ। दार्चुलाका थापा करिब नौ वर्षदेखि प्रहरी सेवामा कार्यरत थिए।

कोटेश्वर प्रहरी प्रभागमा कार्यरत सहायक हवल्दार अमृत गुरुङ पनि प्रदर्शनकारीको आक्रमणमा मारिए। प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएपछि भाग्ने क्रममा उनीमाथि आक्रमण भएको थियो।

गुरुङको हत्या आरोपमा पक्राउ परेका अनुपम भण्डारीले पनि सरकारी वकिलसमक्ष आफ्नो संलग्नता स्वीकार गरेको विवरण छ। भण्डारीका अनुसार उनले अन्य आन्दोलनकारीसँगै गुरुङलाई बाहिर ल्याएका थिए र आफूले चक्कुले प्रहार गरेको बयान दिएका छन्। अन्य व्यक्तिहरूले पनि उनलाई कुटपिट गरेको र गम्भीर अवस्थामा पुगेपछि घटनास्थलमै छाडेर आफूहरू भागेको उनले बताएका छन्।

भदौ २३ र त्यसको भोलिपल्ट २४ गते देशव्यापी रूपमा फैलिएको आन्दोलनका क्रममा सुरक्षाकर्मी, प्रदर्शनकारी र अन्य गरी कुल ७६ जनाको मृत्यु भएको थियो। अघिल्लो दिन सरकारले प्रदर्शनकारीमाथि गोली चलायो भने भोलिपल्ट प्रहरी प्रशासन र निजी व्यवसायमाथि प्रहार भयो। भाटभटेनी, हिल्टन होटल, सिजी ग्रुपलगायत ठुला व्यापारी घरानामाथि निसाना साँधियो।

कारबाहीको प्रश्न

जेनजी आन्दोलनका नाममा सरकारी संरचनामा तोडफोड र प्रहरीको हत्या गर्नेमाथि कारबाही गर्ने भनिए पनि सरकारमाथि पक्राउ परेका अभियुक्तलाई निःसर्त छोड्नुपर्ने दबाब छ।

हिजो जेनजीको सम्झनामा भएको कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सोम शर्माले पक्राउ परेका जेनजी युवाहरूलाई रिहा गर्नुपर्ने माग गरे। उनले जेनजी आन्दोलनकारी देश जलाउन नभई देश बनाउन सडकमा आएको बताए।

आन्दोलनमा पक्राउ परेकाहरूलाई तत्काल रिहा गर्न तथा घाइतेहरूको स्वदेश-विदेशमा आवश्यक उपचारको व्यवस्था गर्न सरकारसँग आग्रह गर्दै उनले भदौ २३ जस्तो दुःखद घटना नेपालले फेरि कहिल्यै भोग्न नपरोस् भने। नागरिक र राज्यबीचको सम्बन्ध सुमधुर बनाउनुपर्नेमा पनि उनले जोड दिए।

एक वर्षपछि आन्दोलनलाई सम्झिँदा राज्यको दमन र आन्दोलनका क्रममा भएका हिंसा दुवै प्रश्नको घेरामा छन्। सुशासन र जवाफदेहिताको माग गर्दै उठेको आन्दोलनले राज्यसँग प्रश्न गरेको थियो। तर, त्यसपछिका घटनाले आन्दोलनभित्रको हिंसा, त्यसको जिम्मेवारी र पीडितले पाउनुपर्ने न्यायबारे पनि उत्तिकै गम्भीर प्रश्न छाडेको छ।

रविलक्ष्मीको...

घरको मुख्य ढोका प्रयोग गर्न सक्ने अवस्था थिएन। त्यसपछि छिमेकीको घरको छानो हुँदै भऱ्याङ लगाएर पहिले निर्भीक र त्यसपछि रविलक्ष्मीलाई बाहिर निकालियो। त्यतिबेलासम्म आगोले उनको शरीरको धेरै भाग जलिसकेको थियो। उनलाई अस्पताल पुऱ्याइयो। उनको फोक्सो र श्वासप्रश्वास प्रणालीमा समेत गम्भीर असर गऱ्यो। देब्रे हात गम्भीर रूपमा जलेर काम नलाग्ने भएपछि उपचारकै क्रममा काट्नुपऱ्यो।

नेपालमा उपचार कठिन भएपछि रविलक्ष्मीलाई थप उपचारका लागि भारतको दिल्लीस्थित अपोलो अस्पताल लगियो। लामो उपचारपछि नेपाल फर्किए पनि उनको आवाज अझै पूर्ण रूपमा फर्किएको छैन। धुवाँका कारण श्वासप्रश्वासमा समस्या पनि कायमै छ।

भदौ २४ को आगोले उनको शरीर मात्र जलाएन, बर्सौंदेखि संकलन गरेका पुस्तक, घर र पारिवारिक सामग्री पनि नष्ट गऱ्यो। रसायनशास्त्रकी प्राध्यापक रविलक्ष्मीले आफ्नो जीवनको लामो अवधि विद्यार्थीलाई पढाएर बिताएकी थिइन्। राजनीतिक परिवारसँग जोडिए पनि उनको जीवनशैली सामान्य रहेको उनलाई चिन्नेहरू बताउँछन्।

घटनापछि खनाल दम्पतीले आगजनीलाई अमानवीय र आपराधिक भन्दै निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीको माग गर्दै आएका छन्।

एफडब्लुसिएमएसमा

डिकबहादुर खत्री 'कुमार'ले व्यवसायीलाई फुटाउने र अलमलमा पार्ने नियतले २३० म्यानपावर कम्पनीको नाम थप गरिए पनि ९ सयभन्दा बढी म्यानपावर कम्पनी कथित प्रणालीबाहिर रहेको बताए। आफ्नो व्यवसाय गर्ने अधिकार खोसिँदा व्यवसायी टुलुटुलु हेरेर नबस्ने भएकाले सिन्डिकेट लाग्ने सम्भावना भने नरहेको उनले बताए।

मलेसियामा विदेशी कामदार केन्द्रीकृत

आप्रवासी कामदारहरूका लागि स्रोत र गन्तव्य दुवैमा एकैसाथ कार्यान्वयनमा आउने उक्त प्रणालीमा नाम समावेश नभएको म्यानपावर कम्पनीले मलेसियामा कामदार पठाउन सक्दैनन्।

संघले नेपाली श्रमिकको प्रमुख गन्तव्य मुलुक मलेसियाको श्रमिक भर्ना प्रक्रियामा संलग्न एफडब्लुसिएमएस प्रणालीमार्फत सीमित संस्थालाई समेटेर अन्य व्यवसायीलाई व्यवसायबाट बाहिर राख्ने सिन्डिकेटको प्रयास गरिएको भन्दै सुरुवातदेखि नै चर्को विरोध गरेको छ।

संघको विरोध र दबाबपछि युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले उक्त प्रणालीमा सूचीकृत २५ म्यानपावर कम्पनीको मलेसियास्थित नेपाली दूतावास र वैदेशिक रोजगार विभागबाट मागपत्र प्रमाणीकरण रोकेर छानबिन सुरु गराएका छन्। तर छानबिन नसकिँदै मंगलबार एफडब्लुसिएमएसमा थप म्यानपावर कम्पनीको नाम समावेश भएको हो।

२३० संस्था दर्ता भएको सार्वजनिक भएपछि मंगलबार नै संघको बैठक पनि बसेको थियो। नेपालका २५ वटा इजाजतपत्रवाला संस्थालाई 'मुख्य संस्था' तथा थप २३० वटा इजाजतपत्रवाला संस्थालाई तिनको 'सहायक संस्था'का रूपमा राखेको भन्दै अध्यक्ष खत्री र महासचिव हिराबहादुर डाँगी (हरि)ले संयुक्त प्रेस विज्ञप्ति जारी गरेर गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेका छन्।

वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र प्राप्त सबै संस्थाको कानुनी हैसियत समान रहेको अवस्थामा केही संस्थालाई मुख्य र बाँकीलाई तिनको अधीनस्थ संरचनामा राख्ने व्यवस्था नेपालको संविधान, प्रचलित कानुन, वैदेशिक रोजगार ऐन, २०६४ को मर्म तथा समान अवसर र स्वस्थ प्रतिस्पर्धाको सिद्धान्तविपरीत भएको विज्ञप्तिमा उल्लेख छ। कुनै पनि संस्था वा समूहलाई विशेषाधिकार प्रदान गर्ने व्यवस्था संघलाई स्वीकार्य नभएको संघको भनाइ छ।

संघले केही दिनअघि मात्रै सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग भेट गरी मलेसियाको श्रमिक भर्ना प्रक्रियामा एफडब्लुसिएमएस प्रणालीमार्फत २५ वटा म्यानपावर कम्पनीलाई छानेर अन्य व्यवसायीलाई व्यवसायबाट बाहिर राख्ने प्रयास गरिएको विषय गम्भीर भएको भन्दै छानबिन र दोषीमाथि कारबाहीको माग गरेको थियो।

गैरेले...

कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइएको महासचिव सुमनराज पाण्डेले बताए। एसोसिएसनले एफडब्लुसिएमएसको पहिलो २५ सूचीमा रहेका सदस्यहरू निलकुमारी घले, मोहम्मद जुनेद, जुबेर खान, किशोरकुमार हमाल शर्मा र सुरज केसीलाई साधारणसदस्यतासमेत नरहने गरी निष्कासनको कारबाही गरिएको जनाएको छ।

एसोसिएसनले संस्थाको विधान तथा प्रचलित कानुनी व्यवस्था, विषयको गम्भीरता, संस्थाको उद्देश्य, व्यवसायीहरूको पेसागत स्वतन्त्रता तथा संस्थाको मर्यादा कायम नगरेको ठहऱ्याएको बताएको छ।

एसोसिएसनले मलेसिया सिन्डिकेटलाई कुनै पनि अवस्थामा पराजित गरेर इजाजतप्राप्त सबै व्यवसायीको पेसा-व्यवसायको अधिकार संरक्षण गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सञ्चालन गर्ने सबै कार्यक्रममा ऐक्यबद्धताका साथ सहभागिता जनाउने निर्णयसमेत गरेको महासचिव पाण्डेले जानकारी दिए।

गैरेले आफ्नो संलग्नता नभए पनि स्वार्थ समूहले एफडब्लुसिएमएसमा आफ्नो कम्पनीको नाम समावेश गरेका कारण नैतिकताको आधारमा विषयबस्तुको आधिकारिक रूपमा टुंगो नलाग्दासम्म अध्यक्षको जिम्मेवारी छाडेको बताए।

जनताले काम गर्न पठाएका हुन् राजीनामा दिन सकिँदैन : गृहमन्त्री

काठमाडौं/मस– गृहमन्त्री सुधन गुरुङले कसैले राजीनामा माग्दैमा आफूहरूले राजीनामा दिन नसक्ने बताएका छन् । जनताले दुई तिहाइ बहुमतको म्यान्डेट दिएर काम गर्न पठाएकाले जनमतको सम्मान गर्दै सरकार अघि बढ्ने उनको भनाइ छ ।

मंगलबार ललितपुरमा आयोजित शहीद विकास महर्जनको शालिक अनावरण कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री गुरुङले आफूहरूलाई नेपाली जनताले निर्वाचित गरेर सरकारमा पठाएको भन्दै कसैले माग्दैमा राजीनामा दिन नसकिने स्पष्ट पारे । उनले इतिहास र जनमतलाई कसैले परिवर्तन गर्न नसक्ने उल्लेख गर्दै जनताको अटुट विश्वासलाई कदर गरेर अघि बढ्ने बताए । आफूहरू राजनीति गरेर शासन गर्न नभई विशुद्ध रूपमा जनताको सेवा गर्ने उद्देश्यले सरकारमा आएको उनको दाबी छ ।

गुरुङले भने, 'अघिनै मैले भनेको थिएँ, इतिहास हो । फेर्न सकिँदैन हजुर, इतिहास हो । नेपाली जनताले दुई तिहाई बहुमत दिएर जाऊ काम गर भनेर हामीलाई दिएको विश्वास हो, फेर्न सकिँदैन हजुर । राजीनामा पनि दिन सकिँदैन । हामीलाई किनभने उहाँहरूले जिताएको होइन, नेपाली जनताले जिताएको हो हामीलाई । त्यही भएर हजुरका आशीर्वाद लिएर हामी तपाईंहरूको सेवामा आएका छौं । तपाईंहरूलाई राजनीति गरेर राज गर्न आएका होइनौं हामी, हामी सेवा गर्न आएका हौं ।'

उनले आगामी दिनमा सम्पूर्ण गृह प्रशासनलाई जनताको सेवामा पूर्ण रूपमा परिचालन गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

यसैबीच, गृहमन्त्री गुरुङले राजनीतिमा नयाँ पुस्ता पुरानो पुस्ताबाट सिक्न नभई नयाँ राजनीतिक संस्कार स्थापित गर्न आएको दाबी गरेका छन् ।

जेन-जी शहीद दिवसका अवसरमा जेन-जी शहीद कल्याणकारी समाजले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले नयाँ पुस्ता पुरानो राजनीतिक शैली सिक्न नभई त्यसलाई परिवर्तन र सुधार गर्न आएको बताए ।

नयाँ पुस्ताको सरकारले जनतालाई शासन गर्ने नभई सेवा गर्ने राजनीतिक संस्कार विकास गर्ने उनको भनाइ छ । पुरानो पुस्ताले जनतामाथि राज गर्ने शैली अपनाएको आरोप लगाउँदै गुरुङले नयाँ पुस्ताले जनताको सेवा गर्ने संस्कार स्थापित गर्न खोजेको बताए ।

उनले वर्तमान सरकार टीका लगाएर नभई निर्वाचनबाट दुई तिहाइ मत प्राप्त गरेर आएको दाबी गरे । आफूहरूलाई राजनीति, संस्कार र सरकार सञ्चालन सिकाउन खोज्ने पुराना राजनीतिक दललाई पनि उनले त्यसो नगर्न आग्रह गरे ।

आफूहरूको बोली, शैली वा काम गर्ने तरिका कतिपयलाई असहज लाग्न सक्ने भए पनि गलत काम नगर्ने उनको दाबी छ। वर्तमान सरकार तीन करोड नेपालीको आशा भएको उल्लेख गर्दै उनले सरकारको उद्देश्य पछाडि फर्किने नभई नयाँ नेपाल निर्माणतर्फ अघि बढ्ने रहेको बताए ।

उनले पुरानो राजनीतिक संस्कार परिवर्तन गर्न नयाँ पुस्ता सरकारमा आएको दोहोर्‍याउँदै आफूहरू टीका लगाएर नभई चुनाव लडेर र जितेर दुई तिहाइ बहुमतसहित सरकारमा आएको बताए ।

गुरुङले पुराना राजनीतिक दलका नेताहरूलाई लक्षित गर्दै आफूहरूलाई राजनीति र सरकार सञ्चालनबारे पाठ नसिकाउन आग्रह गरे । उनले नयाँ पुस्ताको सरकारले पुरानो राजनीतिक संस्कार भत्काएर नयाँ संस्कार स्थापित गर्ने दाबी गरे । गृहमन्त्री गुरुङले नेपाललाई स्वीट्जरल्याण्ड वा सिंगापुर बनाउने नभई आफ्नै पहिचानसहितको नेपाल निर्माण गर्ने बताएका छन् । उनले सरकारको कामप्रति विश्वास गर्न नागरिकलाई आग्रह गर्दै मुलुकलाई नयाँ दिशामा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

बाढीपीडितलाई जमिअत ओलमा–ए–नेपालको दोस्रो खेपको राहत वितरण

इसत्याक अहमद/मध्यान्ह
नुवाकोट, २३ भदौ

जमिअत ओलमा-ए-नेपालले बाढी तथा प्राकृतिक विपत्तिबाट प्रभावित परिवारका लागि राहत सामग्री वितरणको अभियानलाई निरन्तरता दिँदै दोस्रो खेपको राहत वितरण गरेको छ ।

अभियानअन्तर्गत सोमबार यल्लो गुम्बा क्षेत्रमा करिब ३०० थान कपडा वितरण गरिएको जमिअतले जनाएको छ । वितरित राहत सामग्रीमा जिन्सलगायत महिलाहरूका लागि आवश्यक विभिन्न प्रकारका कपडाहरू समेत रहेका छन् ।

जमिअत ओलमा-ए-नेपालका अध्यक्ष तथा राष्ट्रिय सभा सदस्य मौलाना खालिद सिद्दिकीले विपद्का कारण प्रभावित परिवारलाई तत्काल राहत र सहयोग पुर्‍याउने उद्देश्यले राहत अभियान सञ्चालन गरिएको बताए । उनले भने, 'बाढी तथा प्राकृतिक विपत्तिका कारण प्रभावित परिवारहरूलाई केही राहत र सहयोग पुगोस् भन्ने उद्देश्यले जमिअतले यो अभियान सञ्चालन गरेको हो । विपद्को यस कठिन समयमा पीडित परिवारहरूको साथमा उभिनु हाम्रो सामाजिक तथा मानवीय जिम्मेवारी हो ।' सिद्दिकीले राहत वितरणलाई आगामी दिनमा पनि आवश्यकताअनुसार निरन्तरता दिइने बताए । 'प्रभावित परिवारहरूको आवश्यकता र अवस्थालाई ध्यानमा राख्दै आगामी दिनमा पनि जमिअतका तर्फबाट आवश्यक सहयोग गर्ने प्रयास जारी रहनेछ,' उनले भने ।

उनका अनुसार विपद्को समयमा पीडित परिवारलाई राहत उपलब्ध गराउनु केवल सहयोगको विषय नभई मानवीय दायित्वसमेत हो । राहत तथा मानवीय सेवामा सहयोग गर्ने सबै सहयोगी हातहरूप्रति आभार व्यक्त गर्दै उनले यस्ता सेवा कार्यमा निरन्तर सहयोगका लागि आग्रह गरे । 'मानव सेवाभन्दा ठुलो सेवा अरू केही छैन । यस मानवीय सेवामा सहभागी सम्पूर्ण सहयोगी हातहरूलाई अल्लाहले उत्तम प्रतिफल प्रदान गरून्,' अध्यक्ष सिद्दिकीले भने ।

मधेशका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त

जनकपुरधाम/मस– मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वन क्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ । त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो ।



वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताए। उनका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ । वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको छ । जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ ।

वृक्षारोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिए ।

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ । वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ । सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ ।

जापानमा राजवंशीको हत्या आरोपमा तीनजना नेपाली पक्राउ

पूर्ण चलाउने/मध्यान्ह
टोकियो, २३ भदौ

जापानको फुकुओकामा हत्या गरिएकी नेपाली युवती लक्ष्मी राजवंशीको हत्या आरोपमा तीन जना नेपाली पक्राउ परेका छन् । पक्राउ पर्नेमा फुकुओका सहरको हाकातामा बस्ने तथा एक विद्यालयमा अध्ययनरत २८ वर्षीय सन्जु तामाङ, सागा प्रिफेक्चरको तोसु सहरमा बस्ने २५ वर्षीय अस्मिता तामाङ र सोही सहरमा बस्ने विद्यार्थी २२ वर्षीय प्रबिन लामा रहेको जापान प्रहरीले जनाएको छ।

अनुसन्धानका क्रममा राजवंशीसँग प्रेम सम्बन्धमा रहेका प्रबिन लामा र पक्राउ परेकी सन्जु तामाङ एउटै घरमा बस्दै आएको तथ्यसमेत खुलेको छ। पक्राउ परेका तीनै जनालाई अनुसन्धान प्रहरीले

आरोपित देखाए पनि उक्त हत्या उनीहरूले नै गरेको प्रमाणित भने गरेको छैन । प्रहरीले घटनाको थप अनुसन्धान जारी राखेको जनाएको छ । अगस्ट १९ तारिख बिहानको समयमा राजवंशी फुकुओकाको तेन्जिङ नजिकैको नदीमा मृत अवस्थामा भेटिएकी थिइन् । उनलाई एक यात्रुले पानीमाथि तैरिरहेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै उक्त घटना हत्या भएको निष्कर्ष निकालेको थियो ।

२५ वर्षीया लक्ष्मी राजवंशी सन् २०२३ को मे महिनामा विद्यार्थी भिसामा जापान आएकी थिइन् । अनुसन्धानमा खटिएका जापान प्रहरीका अनुसार राजवंशीको टाउको र अनुहारमा गम्भीर चोट देखिएको थियो । उनलाई धारिलो वस्तुले काटिएको जस्तो देखिने घाउहरू थिए। उनको बस्ने कोठामा रगतका दागहरू फेला पर्नुका साथै उनले हत्यारासँग बच्नका लागि ठूलो संघर्ष गर्नुपरेको जस्ता प्रमाणहरू भेटिएको पनि अनुसन्धान प्रहरीलाई उद्धृत गर्दै जापानको क्योदो न्यूजले समाचारमा जनाएको छ । यो घटनाले जापानमा रहेका नेपाली समुदायलाई स्तब्ध बनाएको छ । मृतकका परिवारले घटनाको सत्यतथ्य बाहिर ल्याउन माग गर्दै दोषीलाई कडा भन्दा कडा कानुनी कारबाही गर्न माग गरिरहेका छन् ।

भोटेकोशी बाढीप्रभावित विद्यार्थीको पठनपाठन तत्काल सुरु गर्न माग

काठमाडौं/मस– नेपाल राष्ट्रिय अभिभावक संघले भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रका विद्यार्थीको पठनपाठन तत्काल सुचारु गर्न तथा उनीहरूलाई आवश्यक भावनात्मक र भौतिक सहयोग उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

मंगलबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा संघका उपाध्यक्ष श्याम शर्मा भुसालले बाढी प्रभावित विद्यार्थीको शिक्षालाई निरन्तरता दिन सरकारको ध्यानाकर्षण गराएका हुन् । बाढीका कारण विद्यालयका भौतिक संरचना पूर्ण रूपमा पुनर्निर्माण गर्न तत्काल सम्भव नभएकाले वैकल्पिक व्यवस्था गरेर भए पनि पठनपाठन अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

बाढीमा अभिभावक गुमाएका विद्यार्थीको मानसिक अवस्था अत्यन्तै संवेदनशील रहेको उल्लेख गर्दै भुसालले उनीहरूलाई आर्थिक सहयोगभन्दा पनि भावनात्मक प्रेम र अभिभावकत्वको बढी खाँचो रहेको बताए । उनका अनुसार सडकमा टोलाइरहेका र सहाराविहीन देखिएका बालबालिकालाई राज्य र सामाजिक संघसंस्थाले विशेष संरक्षण दिन आवश्यक छ । प्रभावितहरूको आवास व्यवस्थापनका सम्बन्धमा बोल्दै उनले हाल सामूहिक सेल्टरमा बसिरहेका परिवारलाई व्यक्तिगत पाल वा त्रिपालको व्यवस्था गरी व्यवस्थित अस्थायी बसोबास मिलाउनुपर्ने माग गरे । साथै, विपद्पछि फैलिन सक्ने सम्भावित रोगव्याधिलाई मध्यनजर गर्दै प्रभावित क्षेत्रमा स्वास्थ्य सचेतना र स्वास्थ्य सामग्रीको पूर्वतयारी चुस्त राख्न पनि उनले आग्रह गरे ।

भुसालले भने, 'बाढीका कारण भौतिक संरचना पूर्ण रूपमा तयार गर्न समय लाग्ने देखिन्छ । त्यसैले विभिन्न संघसंस्थाको समन्वयमा पाल वा त्रिपालको व्यवस्था गरी तत्काल पठनपाठन सुरु गर्नुपर्छ । वितरण र पहिचान प्रणालीमा केही त्रुटिहरू देखिएका छन्, जसले गर्दा वास्तविक पीडित मारमा परेका छन्। यसको उचित व्यवस्थापनका लागि राज्य संयन्त्र र सरोकारवाला पक्षहरू जिम्मेवार बन्नुपर्छ ।'

राहत वितरण प्रणालीमा देखिएको कमजोरीप्रति चासो व्यक्त गर्दै भुसालले राज्यको कोषमा स्रोतसाधन जुटे पनि लक्षित पीडितले प्रभावकारी रूपमा राहत नपाएको जनगुनासो रहेको बताए । संकटको घडीमा सबै नागरिकले राज्यको दायित्वबोध गर्दै सहयोगको वातावरण निर्माण गर्नुपर्नेमा संघले जोड दिएको छ ।

बाढीपीडित महिला र बालबालिकालाई महिला संघको प्राथमिकता

काठमाडौं/मस– भोटेकोशी बाढीका कारण विस्थापित भएका महिला र बालबालिकालाई नेपाल महिला संघले राहतका लागि प्राथमिकता दिएको छ । संघले आश्रयस्थलमै पुगेर उनीहरूलाई अत्यावश्यक सामग्री वितरण गर्ने अभियान सञ्चालन गरेको छ । उनीहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्न महिला संघले नुवाकोट, धादिङ र काठमाडौंका विभिन्न सेल्टरमै पुगेर राहत सामग्री वितरण गरेको हो ।

प्राकृतिक विपत्तिमा परेका विशेषगरी महिला र बालबालिकाको स्वास्थ्य, सुरक्षा र आत्मसम्मानको संरक्षणलाई मुख्य ध्यान दिएको महिला संघकी अध्यक्ष मीनाकुमारी खरेलले जानकारी दिएकी छिन् । बाढीका कारण रसुवाबाट विस्थापित भएर काठमाडौंको स्वयम्भूस्थित मुस्ताङ गुम्बा र गोशोक गुम्बामा अस्थायी आश्रयस्थल बनाएर बसेका करिब २०० जना महिला तथा बालबालिकालाई संघले राहत सामग्री उपलब्ध गराएको छ। अध्यक्ष खरेल र राहत संकलन तथा वितरण संयोजक सोना परियारको नेतृत्वमा भएको कार्यक्रममा रसुवाका प्रतिनिधि सभा सदस्य मोहन आचार्य, नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू प्रतिमा गौतम, कुसुम थापा तथा पूर्व सांसद सपना राजभण्डारीलगायतले पनि राहत सामग्री वितरण गरेका थिए ।

उनीहरूलाई चिसोबाट जोगिन भित्री न्यानो कपडा, हावा छेक्ने बाहिरी पोसाक, लत्ताकपडाका साथै व्यक्तिगत स्वास्थ्य र सरसफाइका सामान, महिनावारी स्वच्छता सामग्री (स्यानिटरी प्याड), मञ्जन, ब्रस र शौचालय सरसफाइका सामग्रीहरू एकमुष्ट रूपमा वितरण गरिएको महिला संघकी केन्द्रीय सदस्य शोभादेवी भण्डारीले जानकारी दिइन् ।

युएईमा रोजगार

कम्पनी : SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/१०/१५ — चलानी नं.: ६०२५१४९८ — LT. No.: 337934

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	100	100	स. काममा दक्ष	2000	८२,१६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता क्वालिटी बैंकेट, बद्ध नगर, नयाँबानेश्वर, काठमाडौंमा मिति २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सोल्टी होटल, इटहरी सुनसरीमा मिति २०८३ भदौ २७ गते (12 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल, विर्तामोड, झापामा मिति २०८३ भदौ २८ गते (13 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पृथ्वी चोक, पोखरामा मिति २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ ।

कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०३/२१ — चलानी नं.: ६०२५७६३४ — LT. No.: 344342 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	73	100	स. काममा दक्ष	2000	८२,१६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता क्वालिटी बैंकेट, बद्ध नगर, नयाँबानेश्वर, काठमाडौंमा मिति २०८३ भदौ ३१ गते (16 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सोल्टी होटल, इटहरी सुनसरीमा मिति २०८३ असोज १ गते (17 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल, विर्तामोड, झापामा मिति २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD — Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

VACANCY ANNOUNCEMENT

We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:

- PUBLIC RELATION OFFICER (PRO) : 5 (Male/Female)
- Education: +2 Passed.
- Experienced in Related Fields.

Salary Negotiable

Send Your CV at info@amityglobalgroup.com

AMITY GLOBAL EMPLOYMENT SERVICES PVT. LTD.
Govt. Lic. No. 467/060/061, Ranibari Marg,Samakhusi 26, Kathmandu,
Tel : 4970366, 4970466

कुवेतमा रोजगार

कम्पनी: PERU STORY SNACK COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/०८ — चलानी नं.: ६०२६०८४३ — LT. No. 347555

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	BARISTA	3	0	स. काममा दक्ष	150	७३,७५६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी: BY SEA BEAUTY LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/१८ — चलानी नं.: ६०२६०८४४ — LT. No. 347538

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician	0	15	स. काममा दक्ष	150	७३,७५६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ३१ गते (16 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु.१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ

बोलपत्र रद्द गरिएको सूचना सम्बन्धमा ।

सूचना प्रकाशित मितिः २०८३/०५/२४

यस गाउँपालिकाको कार्यालय मार्फत मिति २०८३/०५/०१ गतेका दिन तपसिल बमोजिमका योजनाहरूको बोलपत्र आवहान भएकोमा हाल सार्वजनिक खरिद अनुगमन कार्यालय, सूचना प्रविधि शाखाको प.सं. सू.प्र. ०८३/८४ च.नं. MIT/१८२ मिति २०८३/०५/११ को सूचना अनुसार विद्युतीय खरिद प्रणालीमा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मत सम्भार तथा सुधार कार्य भइरहेको र अर्को सूचना जारी नभए सम्मका लागि विद्युतीय खरिद प्रणाली स्थगन गरिएको कारण उक्त बोलपत्र आवहानको सूचना रद्द गर्ने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

S.N.	Contract No.	Descriptions of Works	Remarks
1	NCB/Works/Bridge/ SRM/01/2083/084	Construction of Happu Khola Moterable Bridge, Sirijangha Rural Municipality Ward No. 02, Taplejung	
2	NCB/Works/Roads/ SRM/02/2083/084	Construction of Three Project in different Location at Sirijangha Rural Mun. 1,2,3 and 4.	

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

दोषीलाई उन्मुक्ति नदेऊ

जेनजी आन्दोलनको एक वर्ष पुग्दा पनि त्यसक्रममा राज्यबाट भएको दमन र अराजक समूहबाट गरिएको विध्वंसका दोषीमाथि कारबाही अघि बढ्न सकेको छैन । घटनाको छानबिन गर्न सरकारले गठन गरेको जाँचबुझ आयोग र राष्ट्रिय मानवअधिकार आयोगले यसबारे प्रतिवेदन बुझाइसकेको छ । तर, संवैधानिक आयोग र गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगका निष्कर्ष कार्यान्वयन हुन सकेका छैनन् । सुरक्षा व्यवस्थापनबारे अध्ययन गर्न बनेको प्रेमराज कार्की नेतृत्वको समितिको प्रतिवेदनसमेत सरकारले औपचारिक रूपमा बुझेको छैन । यसले दोषीमाथि कारबाही र जवाफदेहिता सुनिश्चित गर्न सरकार इमानदार छैन भन्ने देखाउँछ ।

भदौ २३ गते सुशासन, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधमा भएको आन्दोलनमा २१ युवा विद्यार्थीले ज्यान गुमाए । भोलिपल्ट हिंसा भड्किँदा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालयलगायत सार्वजनिक संरचनामा ठुलो क्षति भयो । राज्यबाट भएको बल प्रयोग र आन्दोलनका क्रममा भएको विध्वंस दुवै गम्भीर घटना हुन् । दुवै घटनाका वास्तविक दोषीमाथि कानुनी कारबाही हुनैपर्छ । यसैका लागि गठन भएको आयोगको प्रतिवेदन दराजमा थन्क्याएर राख्नु स्वीकार्य हुन सक्दैन । आयोग गठन गर्नु मात्र पर्याप्त हुँदैन । आयोगलाई समय, स्रोत र अधिकार दिएर अनुसन्धान गराउने अनि प्रतिवेदन आएपछि कार्यान्वयन नगर्ने हो भने राज्यका छानबिन संयन्त्रप्रतिको विश्वास कमजोर हुन्छ । अझ संवैधानिक जिम्मेवारी बोकेको राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसलाई समेत बेवास्ता गर्नु लोकतान्त्रिक राज्यका लागि राम्रो संकेत होइन ।

प्रतिवेदनका आधारमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीमाथि अनुसन्धान सुरू भए पनि उनीहरू अदालतको आदेशमा हाजिरी जमानीमा छुटेका छन् । तर, सरकार अनुसन्धान टुंग्याउनतर्फ लागेको छैन । घटनासँग जोडिएका अन्य व्यक्तिको बयान, प्रमाण संकलन र कागजात अध्ययनसमेत रोकिएको अवस्था छ । यसरी अनुसन्धान नै अघि नबढ्दा दोषीले उन्मुक्ति पाउने र पीडितले न्याय नपाउने जोखिम बढ्छ ।

प्रतिवेदनमा कसैलाई जिम्मेवार देखाइएको छ भन्दैमा उसलाई दोषी ठहर गर्न मिल्दैन । अन्तिम निर्णय निष्पक्ष अनुसन्धान र कानुनी प्रक्रियाबाटै हुनुपर्छ । तर त्यसको अर्थ प्रतिवेदन नै लुकाउने वा निष्क्रिय बनाउने होइन । दोषी भए कारबाही र निर्दोष भए सफाइ दिने बाटो खुला राख्नुपर्छ । सरकार अब राजनीतिक स्वार्थ, पद र प्रभाव हेरेर होइन, प्रमाण र कानुनका आधारमा अघि बढ्नुपर्छ । तीनवटै प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयनको प्रक्रिया तत्काल सुरू गर्नुपर्छ । दमनमा संलग्न जोसुकै हुन् वा विध्वंसमा संलग्न जोसुकै, दोषीलाई उन्मुक्ति दिनुहुँदैन ।

उद्धारपछिको व्यवस्थापन

विपत्ति स्वत: रोक्न नसकिए पनि उद्धारपछिको पुनर्स्थापनाले राज्यको चरित्र र क्षमताको मापन गर्छ । प्रचारमुखी सक्रियता त्याग्दै राहतसँगै यथार्थ तथ्यांकका आधारमा जीविकोपार्जन, सुरक्षित आवास र दीर्घकालीन पुनर्निर्माणको स्पष्ट कार्ययोजना ल्याउनु नै नयाँ शासकीय नेतृत्व, राजनीति, प्रशासन र समग्र समाजको ऐतिहासिक परीक्षा एवं नैतिक जिम्मेवारी हो ।

अग्रलेख

● भुपेन्द्रबहादुर थापा 'माधव'

विपत्ति मानिसले रोजेर आउँदैन । तर विपत्तिपछि राज्यले गर्ने व्यवहार भने उसको चरित्र, क्षमता र संवेदनशीलताको ऐना बन्न सक्छ । बाढी, पहिरो, हिमपहिरो वा कुनै पनि प्राकृतिक प्रकोपले मानिसको घर भत्काउन सक्छ, बस्ती उजाड्न सक्छ र जीवनका आधारहरू एकैछिनमा बगाउन सक्छ । तर त्यसपछि पीडित नागरिकलाई कसरी सम्हाल्ने, कसरी बचाउने र कसरी फेरि आफ्नै खुट्टामा उभ्याउने भन्ने निर्णय र तत्परता राज्यको हुन्छ ।

अहिले देश विपत्तिको ठुलो पीडामा छ । कतै खोजी भइरहेको छ, कतै उद्धार त कतै राहतको पर्खाइ छ । सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्थानीय नागरिक, स्वयंसेवक र विभिन्न संघसंस्था आ-आफ्नो ठाउँबाट अग्रपंक्तिमा खटिएका छन् । संकटको यस्तो घडीमा मानवीय जीवन बचाउने प्रत्येक प्रयास र योगदान उच्च सम्मानयोग्य छ । तर प्रारम्भिक उद्धारको कार्य अघि बढिरहँदा अब हामीले एउटा गम्भीर प्रश्न उठाउनैपर्छ- उद्धारपछि के ?

यही प्रश्न आजको राष्ट्रिय बहसको केन्द्रमा आउनुपर्छ । किनकि विपत्तिमा पुरिएको मानिसलाई भग्नावशेषबाट निकाल्नु र सुरक्षित स्थानमा पुऱ्याउनु राज्यको पहिलो प्राथमिक दायित्व हो, तर उसको घर, रोजगारी, खेत, व्यवसाय, विद्यालय, स्वास्थ्य र अनिश्चित बनेको भविष्यलाई फेरि उभ्याउनु अझ ठुलो दायित्व हो । उद्धारले ज्यान बचाउँछ, राहतले तत्कालको पीडा कम गर्छ, तर पुनर्स्थापनाले मात्रै नागरिकको खोसिएको जीवन फर्काउँछ ।

सुरुवात मात्र हो राहत

विपत्तिपछि त्रिपाल, खाद्यान्न, औषधि, पिउने पानी, कपडा र नगद सहयोग अत्यावश्यक हुन्छ । तर राहतको अवधि सकिएपछि पीडितको जीवनमा प्रश्नहरू सकिँदैनन् । बरु वास्तविक र कठिन अध्याय त्यहींबाट सुरु हुन्छ ।

घर गुमाएको परिवार कहाँ बस्ने ? खेतीयोग्य जमिन गुमाएको किसानले अब के गर्ने ? व्यवसाय बगाएको व्यवसायी कसरी फेरि उठ्ने ? रोजगारीको आधार गुमाएको मजदुर कसरी बाँच्ने ? अनि विद्यालय र स्वास्थ्य संस्था क्षतिग्रस्त भएको ठाउँमा बालबालिका र बिरामीको भविष्य कसरी सुरक्षित गर्ने ? यी गम्भीर प्रश्नको उत्तर केवल केही दिनका लागि बाँडिने राहतको प्याकेटले दिँदैन ।

त्यसैले राज्यले अहिलेबाटै राहत वितरणसँगसँगै पुनर्स्थापनाको स्पष्ट र व्यावहारिक कार्ययोजना सार्वजनिक गर्नुपर्छ । कुन परिवार पूर्ण रूपमा विस्थापित भयो, कसको घर क्षतिग्रस्त भयो, कसले जीविकोपार्जनको आधार गुमायो र कुन बस्ती वातावरणीय जोखिमका कारण पुन: बस्न अयोग्य छ- यसको यथार्थ एवं वैज्ञानिक तथ्यांक तयार हुनुपर्छ । पुनर्स्थापना भनेको भत्किएको घरमा फेरि त्रिपाल वा छानो हाल्नु मात्र होइन, भत्किएको जीवनको समग्र सामाजिक-आर्थिक आधार पुनर्निर्माण गर्नु हो ।

नौटंकी होइन, जिम्मेवारीको खाँचो

विपत्तिको घडी अत्यन्त संवेदनशील हुन्छ । यस्तो समयमा राज्यका संयन्त्रदेखि राजनीतिक नेतृत्वसम्म सबैको ध्यान एउटै कुरामा केन्द्रित हुनुपर्छ- मानिसको जीवन कसरी बचाउने र पीडितलाई कसरी सुरक्षित राख्ने ?

तर विपत्तिका दृश्यहरू सार्वजनिक भइरहँदा एउटा असहज पक्ष पनि देखिन्छ- उद्धार र राहतको नाममा हुने प्रदर्शन, क्यामेरामुखी सक्रियता र प्रचारको मोह । हिलोमा हात लगाउनु आफैंमा गलत होइन, पीडितसम्म पुग्नु, उनीहरूको हात समाल्नु र जोखिममा सहयोग गर्नु मानवीय कर्तव्य हो । तर क्यामेराले देखोस् भनेर हिलोमा पस्ने र उद्धारको वास्तविक जिम्मेवारी बोक्ने कामबीच ठुलो अन्तर हुन्छ । विपत्ति कुनै राजनीतिक मञ्च होइन । पीडितको आँसु लोकप्रियता कमाउने साधन होइन र उद्धार कुनै प्रचार अभियान पनि होइन । अहिले स्टन्ट गर्ने समय होइन, जिम्मेवारी बोक्ने समय हो । क्यामेरासामु आफूलाई देखाउनुभन्दा बेपत्ता नागरिकको खोजीमा आवश्यक उपकरण, जनशक्ति र समन्वय जुटाउने समय हो । सामाजिक सञ्जालमा आफ्ना तस्बिर राख्नुभन्दा राहत नपुगेको दुर्गम बस्तीमा राहत पुऱ्याउने समय हो । विपत्तिको हिलोमा पीडितलाई निकाल्न पस्नु महान् काम हो, तर आफ्नै प्रचारका लागि त्यही हिलोमा आफूलाई लतपतार्उनु नौटंकी बन्न सक्छ । इतिहासले त्यस्ता दृश्य होइन, संकटको घडीमा निर्वाह गरिएको जिम्मेवारी सम्झन्छ । त्यसैले अहिले राजनीतिक नेतृत्व र जनप्रतिनिधिले एउटा कुरा बुझ्न जरुरी छ- विपत्तिमा केवल देखिनु ठुलो कुरा होइन, काम देखिनु ठुलो कुरा हो ।

युवा नेतृत्वको असली परीक्षा

आजको विपत्तिले नयाँ राजनीतिक नेतृत्वलाई असाधारण अवसर मात्र दिएको छैन, कठोर परीक्षा पनि लिएको छ । नयाँ पुस्ताले पुरानो राजनीतिक संस्कारभन्दा फरक शासन, पारदर्शिता, जवाफदेहिता र परिणाममुखी राज्यको वाचा गरेको हो । जनताले नयाँ नेतृत्वबाट भाषणभन्दा काम, आश्वासनभन्दा परिणाम र राजनीतिक स्वार्थभन्दा नागरिकको जीवनलाई प्राथमिकता दिने अपेक्षा गरेका छन् ।

त्यसैले अहिलेको विपत्ति नयाँ नेतृत्वका लागि सबैभन्दा ठुलो व्यावहारिक परीक्षा हो । सामान्य समयमा विकासका योजना घोषणा गर्न सजिलो हुन्छ । सडक, पुल, रोजगारी, सुशासन र समृद्धिका सपना बाँड्न पनि कठिन हुँदैन । तर जब नागरिकको घर बग्छ, परिवार छुट्टिन्छ र हजारौं मानिस अनिश्चित भविष्यको सामना गर्छन्, त्यतिबेला नेतृत्वको वास्तविक क्षमता र नियत देखिन्छ । यो परीक्षा प्रधानमन्त्री वा मन्त्रीको मात्र होइन, सम्पूर्ण नयाँ शासकीय संस्कारको परीक्षा हो ।

के राज्य पीडितसम्म समयमै पुग्छ ? के राहत पहुँचका आधारमा होइन, वास्तविक आवश्यकताका आधारमा वितरण हुन्छ ? के पुनर्स्थापनामा राजनीतिक हस्तक्षेप हुँदैन ? अनि विस्थापित नागरिकलाई सुरक्षित र सम्मानजनक जीवनमा फर्काउन राज्यले दीर्घकालीन योजना बनाउँछ कि बनाउँदैन ? यी प्रश्नको उत्तरले नयाँ शासनको चरित्र निर्धारण गर्नेछ ।

विपत्तिमा देखिन्छ राज्य र समाजको चरित्र

राज्यको शक्ति उसको सेना, प्रहरी, प्रशासन वा बजेटको आकारमा मात्र हुँदैन, संकटमा परेको नागरिकप्रति उसको व्यवहारमा राज्यको वास्तविक चरित्र देखिन्छ । विपत्तिमा नागरिकलाई एक्लो छोड्ने राज्य बलियो राज्य होइन । कागजमा राहत घोषणा गरेर व्यवहारमा पीडितलाई लामो लाइनमा उभ्याउने राज्य संवेदनशील मानिँदैन । पीडितको नाममा बजेट खर्च भएको देखाएर वास्तविक पीडितको जीवन नबदलिने हो भने त्यो सुशासन पनि होइन । राज्यको सफलता यसमा मापन हुनुपर्छ- सबैभन्दा कमजोर नागरिकसम्म राज्य कति छिटो, निष्पक्ष र सम्मानपूर्वक पुग्यो ?

यो विपत्ति प्रत्येक राजनीतिक दलको पनि परीक्षा हो । सत्तापक्षले विपत्तिलाई आफ्नो प्रचारको अवसर बनाउने होइन, जिम्मेवारी पूरा गर्ने अवसर बनाउनुपर्छ । प्रतिपक्षले सरकारको कमजोरी देखाउने मात्र होइन, आवश्यक ठाउँमा सहयोग, सुझाव र दबाब सिर्जना गर्नुपर्छ । राजनीतिक दलहरूबीचको प्रतिस्पर्धा चुनावका लागि हो, राष्ट्रिय विपत्तिमा प्रतिस्पर्धा होइन, पूर्ण सहकार्य चाहिन्छ । पीडितको आँसुमा राजनीति गर्ने संस्कारले लोकतन्त्रलाई बलियो बनाउँदैन । यसमा निजी क्षेत्र र कर्मचारीतन्त्रको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । उद्योगपति र व्यापारीले तत्कालीन राहतसँगै पुनर्स्थापनामा आफ्नो सामाजिक उत्तरदायित्व जोड्न सक्छन् । निर्माण सामग्री, स्वास्थ्य सेवा, रोजगारी र विद्यालय पुनर्निर्माणमा निजी क्षेत्रको योगदानले हजारौं परिवारलाई फेरि उभ्याउन सक्छ । त्यस्तै, प्रशासनले पनि फाइल र प्रक्रियाको ढिलाइ हटाएर क्षति मूल्यांकन, राहत र पुनर्निर्माणमा संवेदनशीलता देखाउनुपर्छ ।

पत्रकारिताले पीडालाई सनसनी र उद्धारलाई दृश्य प्रदर्शनमा नबदली पीडितको वास्तविक आवाज राज्यसम्म पुऱ्याउनुपर्छ । बौद्धिक समाजले नीति निर्माणमा दीर्घकालीन सुझाव दिनुपर्छ भने आमनागरिकले मानवीय एकताको परिचय दिनुपर्छ ।

विपत्तिपछि पुरानै जोखिमयुक्त ठाउँमा पुरानै संरचना बनाउनु पुनर्स्थापना होइन, अर्को विपत्तिको तयारी हो । जोखिमयुक्त बस्तीको वैज्ञानिक अध्ययन गरी आवश्यक ठाउँमा सुरक्षित स्थानमा पुन: बस्ती बसाउनुपर्छ । तर मानिसलाई उसको जीविकोपार्जन, सामाजिक सम्बन्ध र सांस्कृतिक आधारबाट अलग गरिनुहुँदैन । नयाँ बस्तीमा घरसँगै विद्यालय, स्वास्थ्य केन्द्र, खानेपानी, सडक र रोजगारीको आधार हुनुपर्छ ।

आज राहतको एउटा प्याकेट पाएको परिवार भोलि के गर्छ ? आज त्रिपालमा बसेको नागरिक केही महिनापछि कहाँ बस्छ ? यिनै प्रश्नको उत्तरमा राज्यको सफलता वा असफलता लुकेको छ । खोजी र उद्धार आवश्यक छ, राहत अनिवार्य छ, तर त्यसपछि राज्यको ध्यान पुनर्स्थापनामा केन्द्रित हुनैपर्छ । पुनर्स्थापनालाई बजेटको एउटा सामान्य शीर्षक होइन, राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ ।

उद्धारपछि राहत, राहतसँगै पुनर्स्थापना, र पुनर्स्थापनासँगै सुरक्षित एवं आत्मनिर्भर जीवनको सुनिश्चितता नै आजको माग हो । विपत्तिमा नागरिकलाई बचाउनु राज्यको कर्तव्य हो भने विपत्तिपछि उसलाई फेरि सम्मानपूर्वक उभ्याउनु राज्यकै नैतिक र संवैधानिक जिम्मेवारी हो ।

आइतबारे बिदाले अस्तव्यस्तता

सेवा

● नरेन्द्रमान श्रेष्ठ

अपरिचित उम्मेदवारलाई 'घण्टी'मा भोट हाल्दा संसद्मा अपरिपक्वता र अराजकता बढेको छ । इन्धन बचाउने बहानामा बालेन सरकारले आइतबार दिएको सार्वजनिक बिदाले अस्पतालमा बिरामीको बिचल्ली र विद्यालयमा विद्यार्थीको पढाइ तहसनहस पारेको छ ।

नेपालका लागि पछिल्लो समय भाद्र महिना अलि फापेन कि जस्तो भान हुन्छ । एकको वर्ष भाद्रमा मानवरूपी दानवहरूले मुलुकका महत्वपूर्ण संरचना जलाएर खरानी बनाए भने यो वर्षको भाद्रमा भीषण प्राकृतिक प्रकोपले जनधनको ठुलो क्षति पुऱ्यायो । मानवसिर्जित विध्वंस रोक्न नसक्नेले प्रकृतिको लीला रोक्न सक्ने कुरा भएन । यस्तो घडीमा सम्पूर्ण देशवासीले आ-आफ्नो स्वार्थ त्यागी एकजुट भएर सक्दो सहयोग गर्नुपर्ने दायित्व बन्छ ।

गएको वर्षको विध्वंसपछि आयोजित निर्वाचनमा धेरै मतदाताले उम्मेदवारको पहिचान र पृष्ठभूमिबारे न्यूनतम जानकारीसम्म नलिई चुपचाप 'घण्टी' चिह्नमा छाप हाले । त्यसरी नबुझीकन प्रतिनिधिसभामा पठाइएका सांसदहरू अहिले कस्ता निस्किए, त्यसको परिणाम छर्लंग छ । कोही 'चार महिनामा कायापलट गर्न सकिँदैन, भोट फिर्ता लैजाऊ' भन्दै पन्छिन्छन्, कोही डिएसपीको कछाड समातेर घिसार्ने धम्की दिन्छन्, कोही निर्माण व्यवसायीको खुट्टा भाँचिँदिने चेतावनी दिन्छन् त कोही संसद्मा कहिले के बोल्ने भन्ने ज्ञानसमेत नभएका भेटिन्छन् । सांसद भएर पनि आफैं डोजर लिएर पर्खाल भत्काउन जाने र नेपाली सेनाका जवानलाई 'म सांसद हुँ' भन्दै थर्काउनेसम्मका गतिविधि देखिएका छन् । सांसदको वास्तविक जिम्मेवारी नै नबुझेका मानिसलाई संसद्मा पठाउनेहरूलाई अहिले अवश्य पनि लाज लागिरहेको होला ।

बालेनको नेतृत्वमा सरकार गठन भएको पाँच महिना भयो । यस अवधिमा सरकारका केही निर्णयले आमनागरिकलाई गम्भीर समस्यामा पारेका छन् । सरकारका गलत निर्णयबाट नागरिक प्रताडित हुँदा पनि उतिबेला चुपचाप घण्टीमा छाप हाल्नेहरू अहिले रहस्यमय रूपमा मौन छन् ।

बालेन सरकारले इन्धन बचाउने बहानामा आइतबार पनि सार्वजनिक बिदा दियो । यसले कति पेट्रोल बचत भयो, त्यो सरकारलाई नै थाहा होला, तर यसले आमनागरिकको दैनिक जीवनसँग जोडिएका संवेदनशील क्षेत्रमा ठुलो संकट खडा गरिदिएको छ । विशेष गरी आइतबारको बिदाले सरकारी अस्पतालका बिरामी र विद्यालयका विद्यार्थी तथा अभिभावकलाई निकै सास्ती दिएको छ ।

एउटा दृष्टान्त हेरौं- भक्तपुरका शिवप्रसाद मुटुरोग जाँच गराउन बिहान ९ बजे नै मनमोहन कार्डियोभास्कुलर सेन्टर पुगे । साढे ९ बजे ओपिडीको ७७ नम्बरको टिकट काटेर लाइनमा बसेका उनले दिउँसो ३ बजे मात्र पालो पाए । पछिल्लो समय लगभग सबै सरकारी अस्पतालको अवस्था यस्तै अस्तव्यस्त छ । शिक्षण र वीर अस्पतालमा उस्तै सास्ती छ– टिकट लिन डेढ घण्टा, डाक्टर जाँच्न दुई घण्टा, पैसा तिर्न एक घण्टा र प्रयोगशालामा अर्को घण्टा लाइन बस्नुपर्छ । आकस्मिक उपचार चाहिने बिरामीले समेत सहज सेवा पाएका छैनन् । अस्तव्यस्तताका बीच लाइन मिच्ने प्रवृत्तिले समस्या झन् बढाएको छ । मनमोहन कार्डियोभास्कुलरमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइनु राम्रो हो, तर अरूको पालो मिचेर त्यसो गरिनु न्यायोचित हुँदैन । अस्पतालमा उपचारका लागि आएपछि ज्येष्ठ नागरिक हुन् वा युवा, सबै बिरामी नै हुन् । यसतर्फ अस्पताल प्रशासनले ध्यान दिनुपर्छ ।

सरकारी अस्पतालमा यस्तो भिड हुनुको मुख्य कारण आइतबारको बिदा नै हो । आइतबार अस्पताल बन्द हुँदा साताका अन्य दिनमा बिरामीको दोब्बर चाप पर्छ । वीर अस्पतालको ओपिडीमा सामान्यतया दैनिक दुई हजार बिरामी आउँछन् । स्वयं यो लेखक बिहान १० बजे पुग्दा टोकन नम्बर १५ सय परेको थियो, जबकि १२ बजेसम्म मात्र टोकन बाँडिन्छ । आइतबारको बिदाले अन्य बार अस्पताल थामिनक्नु हुन्छ । त्यसैले, सरकारी अस्पतालमा आइतबार बिदा दिने निर्णय पूर्ण रूपमा गलत छ ।

वास्तवमा, अस्पतालजस्तो अत्यावश्यकीय क्षेत्रमा कुनै पनि दिन बिदा दिने हुँदैन । स्वास्थ्यकर्मीलाई आलोपालो (सिफ्ट) प्रणालीमा बिदा दिएर ओपिडी सेवा वर्षको ३६५ दिन नै निरन्तर चलाइनुपर्छ । एकातिर सरकारी अस्पताल पर्याप्त छैनन्, अर्कोतिर महिनामा १० दिनभन्दा बढी सार्वजनिक बिदा हुन्छ । सबै नागरिक निजी अस्पतालमा महँगो शुल्क तिरेर उपचार गराउने हैसियत राख्दैनन् । यस्तो अवस्थामा सरकारी अस्पतालमै आइतबार बिदा दिनु अत्याचार हो । अर्कातर्फ, आजको डिजिटल युगमा पनि सरकारी अस्पतालले आफ्ना सेवा चुस्त बनाउन सकेका छैनन् । यद्यपि शिक्षण अस्पताल अन्यभन्दा केही व्यवस्थित छ । तसर्थ, अस्पतालमा आइतबारको बिदा तत्काल फिर्ता हुनुपर्छ ।

अस्पतालजस्तै शिक्षण संस्थामा दिइएको आइतबारको बिदा पनि खारेज हुनुपर्छ । विद्यालयमा आइतबार बिदा दिने निर्णय पूर्णत: अव्यावहारिक छ । अतिरिक्त बिदाका कारण विद्यार्थीको पढाइ बिग्रिएको छ, उनीहरू दिनभर मोबाइलमा झुन्डिने वा बरालिने गरेका छन् । आइतबारको बिदाले महिनामा मुस्किलले २० दिन मात्र पढाइ हुन्छ । वर्षमा ५२ वटा आइतबार (झन्डै दुई महिना) पढ्नै नपाई बिदामा बित्छ, तर अभिभावकले भने पूरा वर्षको महँगो शुल्क तिरिरहनुपरेको छ । शुल्कको कुरा छाड्ने हो भने पनि बिदाले विद्यार्थी भौंतारिने अवस्था आएको छ ।

अहिलेको विडम्बना के छ भने, गलत निर्णय भइरहँदा पनि कतिपय नागरिक सही विषयमा बोल्न र सरकारको तार्किक आलोचना गर्न डराइरहेका छन् । विद्यार्थीको भविष्य अन्योलमा पर्दा पनि अभिभावक संद्धहरू मुखमा दही जमाएर बसेका छन् । कतै यी नाइकेहरू पनि उतिबेला चुपचाप घण्टीमा छाप हाल्ने समूहकै त होइनन् ? अर्कोतिर, सही विषयमा सरकारको आलोचना गर्दा केही असभ्य र उत्तेजित समर्थकहरू सामाजिक सञ्जालमा अश्लील गालीगलौजमा उत्रिन्छन्, जसले लोकतान्त्रिक अभ्यासलाई नै धमिल्याइरहेको छ ।

इतिहासको पाना

● सुनिल उलाक

इन्द्रजात्राको रौनक बढाउने शरभमुख भैरव

काठमाडौंको ऐतिहासिक हनुमानढोका दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिपछाडि र देगुतले मन्दिरको तल्लो भागमा एउटा विशाल आँखिझ्याल रहेको छ । त्यसै झ्यालभित्र स्थापित छ- एक विशाल, तेजस्वी र भयानक भैरवको शिर । सर्वसाधारणको बोलीचालीमा 'श्वेत भैरव'का रूपमा पुजिने यी देवताको वास्तविक र तान्त्रिक नाम भने शरभमुख भैरव हो । सामान्यतया यो मन्दिरको ढोका वर्षभरि बन्द रहने र केवल भाद्र शुक्ल पक्षमा पर्ने इन्द्रजात्राका आठ दिन मात्र सर्वसाधारणको दर्शनका लागि खुला गरिने परम्परा छ ।

यस विशाल मूर्तिको स्थापना राजा प्रतापसिंह शाहका पुत्र श्री ५ रणबहादुर शाहले विक्रम संवत् १८५२ असोज १२ गते शुक्रबार (भाद्र शुक्ल द्वादशी) का दिन गराएका हुन् । इन्द्रजात्राको शोभा बढाउन र जात्रालाई अझ भव्य बनाउन इन्द्रजात्रा सुरु हुनुभन्दा दुई दिन अगाडि यो मूर्ति प्रतिष्ठापन गरिएको थियो । मूर्तिको गलामा रहेको सुनको पत्तामा कुँदिएको अभिलेखले पनि यसको स्थापनाको आधिकारिक पुष्टि गर्दछ, जहाँ संवत् १८५२ साल भाद्र शुक्ल पक्षको द्वादशी तिथिमा राजा रणबहादुर शाहद्वारा भैरव मूर्ति निर्माण गरी प्रतिस्थापन गरिएको उल्लेख छ ।

त्यस समयमा यस्तो विशाल र कलात्मक मूर्ति निर्माण गर्नु ठुलो धार्मिक तथा प्रशासनिक चुनौती थियो । मूर्ति निर्माणमा ठुलो परिमाणमा सुनको प्रयोग गरिएको थियो । तत्कालीन समयको ढङ्गाअनुसार श्रावण महिनामै ठुलो भैरव ढाल्न सुन किन्नका लागि कपर्दार भोटु पाँडेमार्फत चार हजार डेढ रुपैयाँ (रु. ४००१/५०) महेन्द्रमल्ली रुपैयाँ निकासा गरिएको ऐतिहासिक विवरण भेटिन्छ । यस भैरवको नाम 'शरभमुख' रहनुको पछाडि यसको अनुहार पौराणिक जीव 'शरभ'जस्तै हुनु हो । पौराणिक आख्यानहरूका अनुसार शरभ एक अति शक्तिशाली र लोप भइसकेको जीव हो, जसका आठवटा खुट्टा हुन्थे । यसको पछिल्लो आधा शरीर सिंहको र अघिल्लो आधा शरीर मानिसको जस्तो हुन्थ्यो । यो हात्ती र सिंहभन्दा पनि महाबली मानिन्थ्यो । शैव, वैष्णव र बौद्ध तीनै परम्परामा शरभको फरक-फरक धार्मिक व्याख्या भेटिन्छ ।

रणबहादुर शाहले आफ्नो अभिलेखमा लेखेअनुसार यो मूर्ति पञ्चमकारको आलो रगत खाने साह्रै भयंकर पनि नभएको र एकदमै सौम्य पनि नभएको 'मध्यम रूप'को सुवर्ण मूर्ति हो । डाकिनी, शाकिनी, भूतिनी र पिशाचीजस्ता नकारात्मक शक्तिहरूबाट प्राणीजगत्को मुक्ति र कल्याणका लागि यो तान्त्रिक रूप स्थापित गरिएको मानिन्छ ।

इन्द्रजात्राका अवसरमा यस भैरवको मुखमा तामा वा बाँसको ठुलो नली जोडेर सर्वसाधारणका लागि प्रसादका रूपमा जाँड बगाउने अनौठो र जीवन्त परम्परा छ । नेवारी भाषामा 'हा' (मुख) बाट 'थ्वँ' (जाँड) बगाइने देवता भएकाले यिनलाई 'हा थ्वँ द्यः' भनियो, जुन कालान्तरमा अपभ्रंश हुँदै 'हाथा द्यः' वा 'हाथु द्यः' का रूपमा प्रचलित हुन पुग्यो । भैरवको मुखबाट प्रसादीका रूपमा बग्ने जाँड पिउनाले शरीरका रोगव्याधि, अनिष्ट र विघ्नबाधा हटेर जाने जनविश्वास छ । यही धार्मिक आस्थाका कारण इन्द्रजात्राका बेला यहाँ जाँडको प्रसाद थाप्न श्रद्धालुहरूको निकै ठेलमठेल र घुइँचो लाग्ने गर्छ ।

नेपाली कला, तन्त्र परम्परा र इन्द्रजात्राको सांस्कृतिक निरन्तरताको एउटा अद्वितीय प्रतीकका रूपमा शरभमुख भैरव आज पनि हनुमानढोकाको शानका रूपमा शोभायमान छ ।

पिताको स्मृतिमा लाखौं खर्चेर शवदाह गृहसहितका संरचना निर्माण

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, २३ भदौ

रौतहटको फतुवा विजयपुर नगरपालिका–८ स्थित श्मशानघाटमा एक स्थानीय परिवारले आफ्ना दिवंगत पिताको स्मृतिमा निजी लगानीमा आवश्यक भौतिक संरचना निर्माण गरी समुदायलाई हस्तान्तरण गरेको छ।

फतुवा विजयपुर नगरपालिका–८ निवासी स्वर्गीय कर्णबहादुर क्षेत्रीको स्मृतिमा उनका ज्येष्ठ सुपुत्र सुरेशकुमार लामिछानेले आफ्नै निजी लगानीमा लाखौं रुपैयाँ खर्चेर शवदाह गृह, व्यवस्थित चिता, घामपानीबाट ओत लाग्ने प्रतीक्षालय तथा प्रवेशद्वार निर्माण गरेका हुन्।

निर्माण कार्य सम्पन्न भएपछि भदौ २३ गते मंगलबार आयोजित एक समारोहबीच उक्त संरचना औपचारिक रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गरिएको हो। हस्तान्तरण कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा लामिछाने दम्पतीको उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागीहरूले स्वर्गीय पिताको सम्झनामा व्यक्तिगत खर्चबाट सार्वजनिक प्रयोजनका लागि यस्ता महत्वपूर्ण संरचना निर्माण गर्नु प्रशंसनीय, अनुकरणीय तथा समाजका लागि सकारात्मक सन्देश दिने कार्य भएको बताएका थिए।

पितृप्रतिको सम्मानसँगै सामाजिक दायित्व

सामान्यतया दिवंगत आफन्तको सम्झनामा धार्मिक तथा पारिवारिक पूजापाठ गर्ने प्रचलन रहे पनि लामिछाने परिवारले पितृस्मृतिलाई सामाजिक सेवासँग जोड्दै समुदायका लागि दीर्घकालीन रूपमा उपयोगी हुने संरचना निर्माण गरेको हो।

स्थानीय बासिन्दाका अनुसार श्मशानघाटमा व्यवस्थित चिता, शवदाह गृह तथा घामपानीबाट जोगिन प्रतीक्षालयको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो। विशेषगरी वर्षायाममा शवदाह गर्न आउने आफन्तलाई निकै समस्या हुने गरेकोमा नयाँ संरचना निर्माण भएपछि सहज हुने स्थानीयको भनाइ छ।

'व्यक्तिगत शोकलाई सामाजिक सेवामा रूपान्तरण'

स्थानीयहरूले लामिछाने परिवारको यस कार्यलाई केवल पितृस्मृतिमा सीमित नराखी व्यक्तिगत शोकलाई सामाजिक सेवामा रूपान्तरण गर्ने उदाहरणीय कार्यका रूपमा लिएका छन्।

स्वर्गीय कर्णबहादुर क्षेत्रीको स्मृतिमा निर्मित उक्त संरचना अब समुदायका सबैका लागि साझा सम्पत्तिका रूपमा प्रयोग हुनेछ। यसले एक परिवारको पितृप्रतिको सम्मानलाई सम्पूर्ण समुदायको हितसँग जोडेको छ। स्थानीय जनप्रतिनिधि तथा समाजसेवीहरूले यस्ता कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै सार्वजनिक आवश्यकताका क्षेत्रमा व्यक्तिगत लगानी बढे स्थानीय तहको स्रोतमा पर्ने दबाबसमेत कम हुने धारणा राखेका छन्।

सहभागीहरूले गरे प्रशंसा

कार्यक्रममा भावी मेयर पदका उम्मेदवार ज्ञानेन्द्र यादव, दुधियावा क्याम्पसका प्रमुख रञ्जन खरेल, हिमाली जनता माध्यमिक विद्यालयका प्राध्यापक बुनिलाल यादव, मावि पेट्भर्वाका प्रधानाध्यापक राधेश्याम यादव, मेरिगोल्ड स्कुलका प्रधानाध्यापक अर्जुन श्रेष्ठ, परोहा नगरपालिकाका शिक्षा विज्ञ सुदामा यादव तथा वडा अध्यक्ष राकेश यादव 'पप्पु'लगायतको उपस्थिति थियो।

उपस्थित वक्ताहरूले स्वर्गीय कर्णबहादुर क्षेत्रीप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामना गरे। साथै, पिताको स्मृतिमा सार्वजनिक हितका लागि आवश्यक संरचना निर्माण गरी समुदायलाई हस्तान्तरण गरेकोमा सुरेशकुमार लामिछाने तथा उनको परिवारप्रति हार्दिक आभार व्यक्त गरेका थिए।लामिछाने परिवारको यो पहलले 'पितृप्रतिको सम्मान'लाई सामाजिक उत्तरदायित्वसँग जोड्दै समाजमा अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ।

जापानमा सुदूरपश्चिमेली समाजको श्रद्धाञ्जली सभा

मध्यान्ह संवाददाता
टोकियो, २३ भदौ

सुदूरपश्चिमेली नेपाली समाज जापानले भोटेकोशीलगायतका स्थानमा आएको बाढीमा ज्यान गुमाउनेहरूको सम्झनामा दीप प्रज्वलन गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ। टोकियोको सिनकोइवास्थित पाइला किचेनको पाइला हलमा उक्त श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको थियो।

श्रद्धाञ्जली सभामा समाजका अध्यक्ष विकास रोकायाले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरे। कार्यक्रममा सुदूरपश्चिमेली नेपाली समाजका अधिकांश पदाधिकारीहरूको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा बाढीमा ज्यान गुमाउनेहरूको सम्झनामा मौनधारण गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गरिएको थियो। साथै, देश विपद्मा परेको बेला सबै नेपाली एकजुट भएर सहयोग गर्न समाजले अपिल गरेको छ।

यसैबीच, केही दिनअघि सुदूरपश्चिमेली नेपाली समाज जापानले बाढीपीडितको सहयोगार्थ पहिलो चरणमा १ लाख रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरेको जनाएको छ। सुदूरपश्चिमेली कला–संस्कृतिलाई जापानमा समेत चिनाउने उद्देश्यले आयोजना गरिएको सुदूरपश्चिम महोत्सव २०२६ पनि रद्द गरिएको छ। उक्त महोत्सव सुदूरपश्चिमेली नेपाली समाज जापानको सेन्दाई शाखाले अक्टोबर ३ तारिख सेन्दाईको कोरियामामा आयोजना गर्ने तय गरेको थियो। देश विपद्मा परेको बेला महोत्सव गर्न उपयुक्त नभएको जनाउँदै सेन्दाई समाजले उक्त कार्यक्रम रद्द गरेको जनाएको छ। त्यसैगरी, सुदूरपश्चिमेली नेपाली समाजको साझा संस्था अन्तर्राष्ट्रिय सुदूरपश्चिमेली समाजले पनि केही दिनअघि प्रधानमन्त्री राहत तथा उद्धार कोषमा १ लाख १ हजार रुपैयाँ सहयोग गरेको जनाएको छ।

बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा अबुधाबीमा शोकसभा

निशान्त पाठक/मध्यान्ह
दुबई, २३ भदौ

रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीबाट ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा नेपाली राजदूतावास, अबुधाबीले शोकसभा सम्पन्न गरेको छ।

बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली तथा पीडित परिवारप्रति समवेदना प्रकट गरिएको हो। राजदूतावासले २०८३ भदौ २२ गते आयोजना गरेको शोकसभामा राष्ट्रियगान तथा मौनधारणसँगै दीप प्रज्वलन गरी दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो।

साथै, पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइते तथा बिरामीहरूको शीघ्र स्वास्थ्यलाभ, अज्ञात व्यक्तिहरूको सकुशल उद्धार तथा पुनर्मिलनको कामना गरिएको थियो। नेपाल सरकारको निर्णयअनुसार राष्ट्रिय शोक मनाउँदै राजदूतावासको झण्डा आधा झुकाइएको थियो।

शोकसभालाई सम्बोधन गर्दै यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले नेपालमा आएको विनाशकारी बाढीबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गरेका छन्। पीडित परिवारप्रति समवेदना प्रकट गर्दै विपत्तिको समयमा सहयोग गर्ने नेपाली समुदाय, विदेशी संघसंस्था तथा शुभचिन्तकहरूप्रति नेपाल सरकारको तर्फबाट आभार व्यक्त गरेका छन्। नेपाललाई सहयोग गर्ने विदेशी संघसंस्था, नेपाली समुदाय तथा शुभचिन्तकहरूप्रति धन्यवाद ज्ञापन गर्दै यूएईमा रहेको नेपाली समुदायले खुला हृदयले गरेको मानवीय सहयोगप्रति पनि उनले आभार व्यक्त गरेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०८२।०९।०९ मा दर्ता भएको **प्रा.लि. नं. ३८१८२०** को **जस्मीन टच ब्युटी स्पा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२४

यस कम्पनीको मिति २०८३।०४।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **नेचर इन्फोटेक सोलुसन प्रा.लि. (दर्ता नं. २१५२१४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **थर्ड पोल टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२४

यस कम्पनीको मिति २०८३।०४।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **पाणिनी इन्टरप्राइजेज प्रा.लि. (दर्ता नं. ७६९६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी रियलस्टेट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४।०१।१३ मा दर्ता भएको **प्रा.लि. नं. १८८३१४** को **छहारी फाउण्डेशन मुनाफा वितरण नगर्ने** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भोटेकोशी बाढीमा ज्यान गुमाएकाको सम्झनामा कतारमा श्रद्धाञ्जली सभा

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २३ भदौ

रसुवा–भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएका नेपालीहरूको सम्झनामा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसिसी) कतारले श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ। विनाशकारी बाढी आएको १३औं दिन सोमबार साँझ आयोजित श्रद्धाञ्जली सभामा विपद्मा ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले प्रभावित परिवारको सहयोग, बेपत्ता नागरिकको खोजी तथा राहत–उद्धारका कार्यमा नेपाली समुदाय एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए। वक्ताहरूले देश विपद्मा परेका बेला संसारभर

रहेका नेपालीले आ–आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताएका थिए।

कतारको मुन्तजास्थित गोरखाली रेस्टुरेन्टको सभा हलमा एनआरएनए एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली नियोग कतारका प्रथम सचिव जितेन्द्र गिरी, एनआरएनए आइसिसीका पूर्वअध्यक्ष आरके शर्मा तथा आइसिसी र एनसिसी कतारका विभिन्न पदाधिकारीहरूको उपस्थिति थियो। कतारमा स्थापित विभिन्न नेपाली संघसंस्थाका प्रमुख तथा प्रतिनिधिसहित उल्लेख्य नेपाली समुदायको सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै नेपाली नियोग कतारका प्रथम सचिव जितेन्द्र गिरीले जन्मभूमिबाट टाढा रहे पनि विपद्को समयमा कतारमा रहेका नेपालीहरू एकसाथ उभिएको बताए। उनले विपद्मा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना गरे।

गिरीले विपद्को सुरुवाती दिनदेखि विभिन्न संघसंस्थाले गरेको सहयोग, पहल र समन्वय प्रशंसनीय रहेको उल्लेख गर्दै नेपाली नियोग कतार आवश्यक सहयोग, सहजीकरण र समन्वयका लागि प्रतिबद्ध रहेको बताए। उनले प्रभावितहरूको दुःखमा मलम लगाउने कार्यमा सबै पक्ष मिलेर थप सक्रिय हुनुपर्नेमा जोड दिँदै बेपत्ता नागरिकको सकुशल खोजीको कामना गरे। सभाध्यक्ष कृष्ण पन्थीले बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित परिवारको उद्धार, राहत र सहयोगलाई प्राथमिकतामा राख्नुपर्ने बताए। उनले विपद् सुरु भएलगत्तै एनआरएनए एनसिसी कतारले आकस्मिक बैठकमार्फत उद्धार तथा राहतका काम अघि बढाएको जानकारी दिँदै नेपाली दूतावास, एनआरएनए आइसिसी तथा विभिन्न संघसंस्थासँगको समन्वयमा आगामी दिनमा पनि सहयोगलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे।

पन्थीले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुपर्नेमा जोड दिँदै जलवायु न्यायका लागि नेपालको आवाज विश्व मञ्चसम्म पुर्‍याउन नेपाली समुदायले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताए।

उनले बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता नागरिकको सकुशल खोजी र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे। कार्यक्रमको सहजीकरण एनआरएनए एनसिसी कतारका महासचिव शिव भुजेलले गरेका थिए।

गौर प्रादेशिक अस्पतालमा बिरामीका कुरुवालाई फलफूल र नगद सहयोग

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, २३ भदौ

जेनजी आन्दोलनको एक वर्ष पूरा भएको अवसरमा रौतहटको जिल्ला सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा बिरामीका कुरुवाहरूलाई फलफूल वितरण तथा अतिविपन्न ज्येष्ठ नागरिकलाई आर्थिक सहयोग प्रदान गरिएको छ। युवाहरूमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने र समाजमा रचनात्मक सन्देश प्रवाह गर्ने उद्देश्यका साथ मंगलबार अस्पताल परिसरमा उक्त मानवीय सेवामूलक कार्यक्रम सम्पन्न भएको हो।

जिल्ला सदरमुकाम गौरका युवा व्यवसायी तथा समाजसेवी सन्तोष पौडेलको विशेष व्यक्तिगत सहयोग एवं व्यवस्थापनमा आयोजित कार्यक्रममा प्रादेशिक अस्पताल गौरमा भर्ना भई उपचाररत ५० जना बिरामीका कुरुवाहरूलाई ताजा फलफूल हस्तान्तरण गरिएको थियो। अस्पतालको कुरुवा कक्ष तथा शय्या (बेड) सम्म पुगेर

वितरण गरिएको फलफूलले बिरामी तथा तिनका आफन्तलाई ठूलो मानसिक राहत पुर्‍याएको सहभागीहरूले बताएका छन्।

सोही कार्यक्रमका क्रममा सामाजिक उत्तरदायित्व वहन गर्दै समाजसेवी पौडेलले आर्थिक रूपमा अत्यन्त कमजोर दुई जना विपन्न ज्येष्ठ नागरिक आमाहरूलाई नगद सहयोगसमेत प्रदान गरेका छन्। पौडेलले ८० वर्षीया अतिविपन्न ज्येष्ठ नागरिक आमालाई जीविकोपार्जन तथा औषधि उपचारमा सहज होस् भन्ने उद्देश्यले नगद रु. ५ हजार र अर्की एक असहाय आमालाई नगद रु. २ हजार प्रदान गरेका हुन्।

अस्पतालको नीरस र संवेदनशील वातावरणका बीच राहतस्वरूप फलफूल तथा नगद आर्थिक सहयोग पाएपछि बिरामीका कुरुवा एवं आफन्तहरूले खुसी व्यक्त गरेका छन्। उनीहरूले समस्याको घडीमा मलम लगाउने कार्य गरेको भन्दै सहयोगदाता सन्तोष पौडेल तथा आयोजक टोलीलाई भावुक हुँदै हार्दिक धन्यवाद ज्ञापन गरे।

आन्दोलन वा कुनै पनि विशेष ऐतिहासिक दिवसलाई केवल औपचारिकता वा नाराबाजीमा सीमित नराखी सेवामूलक कार्यमार्फत मनाउनुपर्छ भन्ने सोचका साथ कार्यक्रम आयोजना गरिएको आयोजकहरूले जानकारी दिएका छन्। समाजमा सकारात्मक सोचको विकास गर्न र नयाँ पुस्ताका युवाहरूलाई सामाजिक रूपान्तरण एवं सेवाभावमा प्रेरित गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकले व्यक्त गरेका छन्।

साउदीमा रोजगार
कम्पनी : **COMPANY AL-AHLAM AL-MUMAIZA FOR OPERATION AND MAINTENANCE** शहरः **SAUDI**
पूर्व स्वीकृत मितिः २०८३/०२/२१ चलानी नं.: ६०२५६२९५ **L.T. No.: 342977** पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office Cleaner	2	0	स. काममा दक्ष	1000	४०१८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३१ गते (16 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26, Kathmandu, Tel : 4970366, 4970466, 9802090466 (Kumar)
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

नदीजन्य पदार्थको बिक्रीका लागि ठेक्का आव्हान सम्बन्धी सूचना
प्रथम पटक सूचना प्रकाशित मितिः२०८३/०५/२४

सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), यस सत्यवती गाउँकार्यपालिकाको मिति २०८३/०५/२१ गतेको निर्णय र लुम्बिनी प्रदेश आर्थिक ऐन २०८३ को दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची -६ बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरूबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं	नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र	उत्खनन् परीमाण (घन फि.)	न्यूनतम कबोल अङ्क (सेवाशुल्क र मू.अ.क. सहित)	फाराम दस्तुर	धरौटी रकम	विड बण्ड म्याद
नदिजन्य आय ०१-०८३/०८४	कालीगण्डकी नदी (कठानी वगर क्षेत्र)	८८,२१६.९७	७,९७,४८१.४२/-	१,000	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन
नदिजन्य आय ०२-०८३/०८४	कालीगण्डकी नदी (चकमके बगर क्षेत्र)	८३,५३३.१५	७,५५,१३९.६६/-	१,000	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन
नदिजन्य आय ०३-०८३/०८४	कालीगण्डकी नदी (ठुलाबगर बगर क्षेत्र)	१,०६,६५३.९३	९,६४,१५१.५३/	१,000	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन
नदिजन्य आय ०४-०८३/०८४	कालीगण्डकी नदी (लछादी बगर क्षेत्र)	१,४२,९२०.००	१२,९१,९९६.७६/	१,000	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन
नदिजन्य आय ०५-०८३/०८४	बडीगाड नदी (उल्लि खोला बगर क्षेत्र)	२,१९,९५९.७५	१९८८४३६.११/-	१,000	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन

- फाराम दस्तुर बुझाउनः कुमारी बैङ्क, सत्यवती शाखा, GA.1.1.ANTARIK RAJASWA KHATA खाता नं. 2690247957400010
